का.जि.प्र.का.द.नं. १००/०५९/६०

२३ वैशाख २०८०,
शानिबार
6 May 2023,
Saturday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १०० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# रोकिएन महिला हिंसा
# डरलाग्दो तथ्यांक
# गम्भीर छैन सरकार

कानून नभएको होइन । भएको कानून कार्यान्वयन गराउन सरकार गम्भीर छैन । अर्को ठूलो समस्या अपराधीलाई पनि मेरो मान्छे, तेरो मान्छे । मेरो पार्टीको तेरो पार्टीको भन्ने प्रवृत्ति छ ।

■ **उमा रेग्मी**, पूर्व महिलामन्त्री

सरकारी तथ्यांकअनुसार आर्थिक वर्ष २०७९ मा प्रहरीमा परेका दुई हजार तीन सय ८० करणीका उजुरीमध्ये दैनिक रूपमा कम्तीमा ६ महिला र बालबालिका बलात्कृत भएको देखिन्छ ।

**अस्मिता बम / मध्यान्ह**
काठमाडौं, २२ वैशाख ।

झापाबाट प्रसारण हुने सूर्योदय टेलिभिजनमा कार्यरत पत्रकार भावना लिङ्देनलाई सोही टेलिभिजनका सम्पादक उमाकान्त खनालले यौन दुर्व्यवहार गरेको भनी प्रश्न उठेको छ। पत्रकार लिङ्देन कामबाट विस्थापित हुन पुगिन् । यो घटना हरेक महिलाका लागि अन्यायको विषय मात्र नभई समाजमा रहेको हिंसाको एउटा उदाहरण हो ।

पूर्व महिलामन्त्री उमा रेग्मी घटना बाहिरिएको मात्रै नभएर महिला हिंसा समेत बढेको बताउँछिन् । उनी भन्छिन्, 'महिला हिंसा बढेको पनि हो । घटना काहिरिएको पनि हो' उनी थप्छिन्, 'मानवता हराएको छ । यसकारण हिंसाको घटनाको प्रकृति पनि बढेको हो । बाहिर आउनेक्रम पनि बेकै छ । त्यसकारण तथ्यांक डर लाग्दो छ ।'

महिला हिंसा न्यूनीकरणका लागि फेरि पनि राज्य जिम्मेवार बन्नुपर्ने उनलाई लाग्छ । 'कानून नभएको होइन । भएको कानून कार्यान्वयन गराउन सरकार गम्भीर छैन' उनी थप्छिन्, 'अर्को ठूलो समस्या अपराधीलाई पनि मेरो मान्छे, तेरो मान्छे । मेरो पार्टीको तेरो »» पृष्ठ २ मा

## दैनिक ६ जना बलात्कृत

सरकारी तथ्यांक अनुसार आर्थिक वर्ष २०७९ मा प्रहरीमा परेका दुई हजार तीन सय ८० करणीका उजुरीमध्ये दैनिक रुपमा कम्तिमा ६ महिला र बालबालिका बलात्कृत भएको देखिन्छ ।

ओरेकको तथ्याङ्कलाई हेर्दा सोही आर्थिक वर्षामा १०९ बलात्कारका घटना छन् । सामुहिक बलात्कारमा १४ घटना समेटिएका छन् भने २४ बलात्कारको प्रयास र २२ वैवाहिक बलात्कारका घटना तथ्याङ्कमा समावेश गरिएका छन् ।

बलात्कृत हुनेमा सबैभन्दा बढी अर्थात् ४५ प्रतिशत १८ वर्षमुनिका महिला रहेका छन् । १८ देखि २५ उमेर समुहका २६ प्रतिशत महिला बलात्कृत भएका छन् भने १७ प्रतिशत २६ देखि ३५ वर्षाका । ३६ देखि ४५ वर्षसम्मका ८ प्रतिशत महिला बलात्कृत भएका छन् भने ३ प्रतिशत ४६ वर्षमाथिका महिला रहेका छन् ।

## हिंसामा पर्नेहरु ८८ प्रतिशत साक्षर

बलात्कृत महिलाको शैक्षिक अवस्थालाई नियाल्दा ८८ प्रतिशत साक्षर महिला नै बलात्कारको सिकार भएका छन् र १२ प्रतिशत निरक्षर महिला । बलात्कारका घटनालाई त सामान्य रुपमा लिन थालिएको छ । त्यो सँगै हत्याका पनि कैयौं केस छन् । जसमा विविध आरोप लगाएर हत्या गरेको पाइएको छ । ६२.५० प्रतिशत महिलाको आव २०७९ मा नै हत्या गरिएको तथ्याङ्क छ ।

हत्याको प्रयास गर्नेमा ३७. ५० प्रतिशत महिला रहेका छन् । जसमा आफ्नै श्रीमानबाट २५ प्रतिशत महिलाको हत्या भएको छ । १५ प्रतिशत छिमेकी, १० प्रतिशत साथी र ४० प्रतिशतको परिवारका सदस्यबाटै हत्या गरिएको छ ।

५ प्रतिशत महिलाको अपरिचित व्यक्तिबाट हत्या भएको छ भने ५ प्रतिशत समुदायकै सदस्यबाट । यसमा पनि हत्या गरिएका महिलाको शैक्षिक अवस्था हेर्दा ८० प्रतिशत साक्षर महिलाको हत्या भएको छ भने २० प्रतिशत निरक्षर महिलाको हत्या भएको छ ।

## परिवारका सदस्य नै पीडक !

पूर्व महिलामन्त्री उमा रेग्मीका अनुसार समाजमा कैयौं महिला हिंसाका घटना छन्, जसले संविधानका धारालाई नै लत्याएका छन् । महिला आफ्नै घरमा समेत विविध किसिमका हिंसाको सिकार भइरहेको उनलाई लाग्छ ।

महिला पुनर्स्थापन केन्द्र (ओरेक) २०७९ को प्रतिवेदन अनुसार आफ्नै घरमा ५३ प्रतिशत महिला मानसिक हिंसाको सिकार भएका छन् । जुन २०७८ को तुलनामा २८ प्रतिशत बढेको छ ।

२०७९ मै ३० प्रतिशत महिलामाथि शारीरिक हिंसा भएको छ । सामाजिक हिंसाको सिकार १० प्रतिशत महिला भएका छन् भने आर्थिक हिंसामा ६० प्रतिशत महिला परेको आरेकको तथ्याङ्कमा उल्लेख छ ।

घरेलु हिंसा मात्रै नभई पत्रकार लिङ्देन जसरी पेशागत रुपमा हिंसामा पर्ने महिलाको संख्या उच्च रहेको बिभिन्न तथ्याङ्कले देखाउँछ । सोही अवधिमा कृषि क्षेत्रमा संलग्न हिंसामा पर्ने महिलाको संख्या १६ प्रतिशत छ । १६ प्रतिशत नै विद्यार्थी छन् भने १० प्रतिशत महिला ज्याला मजदुरी गर्नेहरु हिंसामा »» पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

## स्थानीय तहबाट हुने श्रम स्वीकृति प्रभावकारी
# सेवाग्राही भन्छन्- 'बल्ल गणतन्त्रको अनुभूति भयो'

**कृष्ण न्यौपाने / रासस**
दमौली, २२ वैशाख

तनहुँका स्थानीय तहले श्रम स्वीकृति दिन थालेपछि सर्वसाधारणलाई सहज भएको छ । यसअघि श्रम स्वीकृतिका लागि पोखरा जानुपर्ने बाध्यता रहेकामा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैशाख १ गतेदेखि सबै स्थानीय तहबाट श्रम स्वीकृति दिने व्यवस्था मिलाएको छ ।

सोहीबमोजिम स्थानीय तहबाटै श्रम स्वीकृति पाउँदा सहज भएको बन्दीपुर गाउँपालिका-१ का रामशरण खड्काले जानकारी दिए । खड्काले बन्दीपुर गाउँपालिकाको रोजगार शाखाबाट श्रम स्वीकृति पाएका छन् । आवश्यक सबै कागजात बुझाएपछि रोजगार शाखाबाट एक दिनमै श्रम स्वीकृति पाएको उनले बताए ।

'यसअगाडि श्रम स्वीकृतिका लागि पोखरा जानुपर्थ्यो, पोखरा गएर लाइन बस्नुपर्ने, भीडभाड हुने समस्या थियो, भीडभाड हुँदा एक दिनमा काम सकिँदैनथ्यो,' उनले भने, 'अहिले बल्ल संघीयता आएको जस्तो महसुस भयो ।'

बन्दीपुर-४ का शिवराज परियारले गाउँपालिका पुगेर श्रम स्वीकृति लिए । गाउँपालिकाबाटै यो सेवा पाएपछि सहज भएको उनको अनुभव छ । 'अहिले गाउँघरमै यो सेवा पाउँदा समयको बचतसँगै आर्थिक भारसमेत कम भयो, पोखरा आउजाउ, उस्तै परे बास बस्नुपर्दा बढी खर्च हुन्थ्यो,' परियारले भने ।

बन्दीपुर गाउँपालिकाका रोजगार संयोजक शरणसिंह गुरुङका अनुसार हालसम्म पाँच जनालाई श्रम स्वीकृतिबारे आवश्यक परामर्शसमेत प्रदान गरिएको छ । 'कतिपयलाई स्थानीय तहबाटै श्रम स्वीकृति पाइन्छ भन्ने जानकारी हुन सकिरहेको छैन, यसबारेमा हामीले पनि सूचना दिइरहेका छौं,' उनले भने ।

वैदेशिक रोजगारमा जाने युवायुवतीले यसअघि पोखरा वा काठमाडौं गएर श्रम स्वीकृति लिनुपर्ने बाध्यता रहेकामा अब गाउँघरमै रहेका स्थानीय सरकारमार्फत उक्त सेवा पाउन थालेपछि सहज भएको गुरुङले बताए । 'यसअघि अन्यत्रै गएर श्रम स्वीकृति लिनुपर्दा सेवाग्राहीलाई झन्झट हुन्थ्यो, लागत पनि बढी पर्थ्यो तर अब स्थानीय सरकारबाटै सेवा शुरु भएपछि सहज हुन्छ,' उनले भने ।

श्रम स्वीकृतिका लागि सम्बन्धित व्यक्तिले पासपोर्ट र भिसासम्बन्धी कागजात लिएर आउनुपर्ने हुन्छ । सम्बन्धित व्यक्तिले ल्याएको कागजातका आधारमा रोजगार केन्द्रले श्रम स्वीकृतिका लागि आवश्यक »» पृष्ठ २ मा

## रास्वपा सरकारमा नजाने
# समर्थन फिर्ता



उपनिर्वाचनमा मतदाताले तपाईंहरु सरकारमा नजानुस्, सशक्त प्रतिपक्ष बन्नुहोस् भन्ने मत व्यक्त गर्नुभयो, त्यही मतको सम्मान गर्दै हामीले सरकारमा नजाने निर्णय गरेका हौं ।

■ **रवि लामिछाने**
**सभापति, रास्वपा**

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, २२ वैशाख ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सरकारमा नजाने भएको छ । शुक्रबार बसेको रास्वपाको केन्द्रीय समिति र संसदीय दलको संयुक्त बैठकले सरकारमा नजाने र समर्थन पनि फिर्ता लिने निर्णय गरेको हो । माघ २२ गते रास्वपा सरकारबाट बाहिरिए पनि समर्थन भने फिर्ता लिएको थिएन् । रास्वपाले उपप्रधानमन्त्रीसहित गृह, शिक्षा र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्वास्थ्य राज्यमन्त्री लिएर सरकारमा सहभागी भएको थियो ।

यही वैशाख १० गते भएको उपनिर्वाचनपछि रास्वपाले सरकारमा सहभागी हुनका लागि फेरि छलफल गरेको थियो । रास्वपाले पूर्ववत मन्त्रालयहरू पाउनुपर्ने बताउँदै आएको थियो ।



तर, रास्वपा सभापति रवि लामिछाने उपनिर्वाचनको जनमत अनुसार आफूहरु प्रतिपक्षमा बस्ने निर्णयमा पुगेको बताउँछन् ।

उनी भन्छन्, 'उपनिर्वाचनमा मतदाताले तपाईंहरु सरकारमा नजानुस्, सशक्त प्रतिपक्ष बन्नुहोस् भन्ने मत व्यक्त गर्नुभयो, त्यही मतको सम्मान गर्दै हामीले सरकारमा नजाने निर्णय गरेका हौं ।'

सरकारमा आइदिए हुन्थ्यो भन्ने सदासयता प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले राखेको भए पनि सरकारको कार्यशैली र गति हेर्दा सरकारमा जान »» पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२३ वैशाख २०८०, शनिबार
6 May 2023, Saturday

# लुम्बिनीको समग्र विकास उच्च प्राथमिकतामा : प्रधानमन्त्री

**मध्यान्ह संवाददाता**
लुम्बिनी, २२ वैशाख

प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले बृहत्तर लुम्बिनी क्षेत्रमा रहेका ऐतिहासिक सम्पदाको संरक्षण गर्न वर्तमान सरकारले उच्च प्राथमिकतामा दिएको बताएका छन् । २५६७औं बुद्ध जयन्तीका अवसरमा आज बुद्ध जन्मस्थल लुम्बिनीमा आयोजित मूल समारोहलाई सम्बोधन गर्दै उनले भने, ‘लुम्बिनीको समग्र विकासका लागि सरकारले बृहत्तर लुम्बिनी गुरुयोजनाको कार्यान्वयन गरिराखेको छ ।’

उनले बुद्धसँग सम्बन्धित क्षेत्र लुम्बिनी, कपिलवस्तु, देवदह र रामग्रामका ऐतिहासिक र पुरातात्विक महत्वका सम्पदाको संरक्षण गरेर यस क्षेत्रको दिगो विकाससहित बृहत्तर लुम्बिनी क्षेत्रका रूपमा अघि बढाएको जानकारी दिए ।

उनले सम्पूर्ण मानवजातिको साझा धरोहर तथा विश्व सम्पदा पवित्र लुम्बिनीको द्रुत विकासका लागि सरकारले लुम्बिनीलाई राष्ट्रिय गौरवको आयोजनामा सामेल गरी लुम्बिनी गुरुयोजनाको कार्य अगाडि बढाइरहेको बताए ।

उनले अन्तर्राष्ट्रिय दातृराष्ट्र तथा संघसंस्थाको समेत सहयोग तथा सहभागितामा सरकारले कपिलवस्तु क्षेत्र, देवदह क्षेत्र तथा रामग्रामको पुरातात्विक उत्खनन्, संरक्षण, प्रवर्द्धन तथा विकास गरी स्थानीयवासीलाई विकासको प्रतिफल दिलाउन भगिरथ प्रयत्न गरिने जानकारी दिएयो ।




प्रधानमन्त्री प्रचण्डले सम्राट अशोकले इसापूर्व २४९ मा शाक्यमुनि बुद्धको जन्मस्थल लुम्बिनी, क्रकुछन्द बुद्धको जन्मस्थल गोटीहवा र कनकमुनि बुद्धको जन्मस्थल निग्लिहवामा शिलालेखसहितको एक-एकवटा गरी जम्मा तीनवटा स्तम्भ स्थापना गरेको उल्लेख गर्दै ती स्तम्भका शिलालेख, चिनियाँ तीर्थयात्रीका यात्रा वृत्तान्त, पुरातात्विक उत्खनन समेतबाट नेपालको रुपन्देही र कपिलवस्तु जिल्लामा ३० किलोमिटरको दूरीभित्र तीनवटा बुद्धको जन्म भएको भन्ने तथ्य प्रमाणित भएको बताए ।

‘नवलपरासी जिल्लामा अवस्थित रामग्रामको स्तुपमा शाक्यमुनि बुद्धको अस्तुधातु संरक्षित रहनुले बृहत्तर लुम्बिनीलाई बुद्धको भूमि बनाएको र यस्तो तीर्थस्थल जहाँ एक घन्टाको यात्राबाट तीनवटा बुद्धको जन्मस्थल पुग्न सकिन्छ, संसारमा कहीँ पनि पाउन सकिँदैन,’ उनले भने, ‘त्यसैले बृहत्तर लुम्बिनी क्षेत्र सर्वोत्कृष्ट बौद्ध तीर्थस्थल हो भन्दा अतिशयोक्ति हुँदैन ।’

उनले नेपाली भूमिमा बुद्धको जन्म हुनु नेपाल र नेपालीका लागि गर्वको विषय भएको र उनको जन्मले नेपाललाई विश्वमा चिनारीमात्रै नभई धार्मिक पर्यटनको माध्यमबाट असीमित सम्भावनासमेत उपलब्ध गराएको बताए । ‘संसारभरिका चार अर्बभन्दा बढी बौद्ध समुदायले जीवनमा एकपटक आउनैपर्ने पवित्रस्थलका रूपमा रहेको लुम्बिनीको सम्भाव्यता कति होला ? अन्दाज गर्न पनि गाह्रो छ,’ उनले भने, ‘तर अनुमानमात्रै गर्दा पनि एकसाथ श्रद्धा र आनन्दको अनुभूति हुन्छ । प्रचुर सम्भावना हुँदाहुँदै पनि ती सम्भावनालाई सदुपयोग गर्न नसक्नु हाम्रो कमजोरी हो । वर्तमान सरकारले यस तथ्यलाई हृदयङ्गम गरी कार्य अगाडि बढाउने छ ।’

प्रधानमन्त्री प्रचण्डले पूर्वीय समाज र दर्शनको विकास प्रक्रिया विश्व मानचित्रमा नै अग्रणी मानिँदै आइएको उल्लेख गर्दै भने, ‘पूर्वीय सभ्यता, दर्शन र चिन्तन परम्पराका दृष्टिले हामी वैशवशाली र गौरवशाली दुवै छौं ।’

उनले किरात दर्शन, बुद्ध दर्शन, षड्दर्शनलगायतका नेपाली दर्शनमा भौतिकवादी चेत, गतिको नियम, नैतिक शिक्षा र जीवन मूल्यका अनगिन्ती आयामहरू रहेको र तिनीहरूको वैज्ञानिक खोज एवं अनुसन्धानका आधारमा नेपाली दर्शनको संरक्षण, प्रवर्द्धन एवं विकासका निम्ति नेपाली बौद्धिक समुदायले विशेष पहल लिन आवश्यक रहेको बताए ।

## नक्कली शरणार्थी प्रकरण

# थप आरोपीको खोजी गर्दै प्रहरी

**काठमाडौं/मस**–प्रहरीले नक्कली शरणार्थी बनाएर अमेरिका पठाउने लोभमा करोडौं रकम ठगीमा संलग्न रहेका थप आरोपीको खोजी तीव्र पारेको छ ।

पक्राउ पुर्जी जारी भएका आरोपी सम्पर्कविहीन भएपछि खोजी तथा अनुसन्धानमा विशेष सावधानीका साथ टोली परिचालन गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंले जनाएको छ । जाहेरीमा नाम किटान गरिएका कतिपय व्यक्तिका बारेमा थप प्रमाण संकलन गर्ने तथा पक्राउ पुर्जी जारी भएका आरोपीको खोजी कार्यमा प्रहरी टोली जुटेको परिसरका प्रहरी उपरीक्षक सीताराम रिजालले बताए ।

पुर्जी जारी भएका नेकपा एमालेका सचिव तथा पूर्वऊर्जामन्त्री टोपबहादुर रायमाझी प्रहरीको सम्पर्कमा नरहेको उनले बताए । यसअघि पक्राउ परेका तत्कालीन गृहमन्त्री रामबहादुर थापाका सुरक्षा सल्लाहकार ईन्द्रजित राईका छोरा निरजका बारेमा प्रहरीले कुनै जानकारी पाउन सकेको छैन ।

उनले भने, ‘अब १० देखि ११ जना आरोपीको खोजी तथा अनुसन्धान भइरहेको छ ।’ परिसरका प्रवक्तासमेत रहेका प्रहरी उपरीक्षक रिजालले भने, ‘अहिलेसम्म आठ जना पक्राउ गरी अनुसन्धान भइरहेको छ ।’ पक्राउ परेकामा तत्कालीन गृहमन्त्री थापाका सुरक्षा सल्लाहकार राईसहित बहालवाला सचिव (तत्कालीन गृह सचिव) टेकनारायण पाण्डे, सन्दीप रायमाझी, केशव दुलाल, सानु भण्डारी टंक गुरुङ, सन्देश शर्मा पोखरेल र सागर थुलुङ छन् ।

जिल्ला प्रहरी परिसरले उनीहरु विरुद्ध संगठित अपराधमा अनुसन्धान गरिरहेको छ । यसको अनुसन्धानका लागि प्रहरीले ६० दिन समय पाउँछ । उक्त घटनामा हालसम्म एक सय छ जनाले २० जाहेरी दिएका छन् । उनीहरूले कूल रु २३ करोड २५ लाख ठगी भएको भनी जाहेरी दिएका छन् । सुरुमा पीडितले काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयमा जाहेरी दिएकामा कार्यालयले केहीलाई पक्राउ गरी थप कारबाहीका लागि जिल्ला प्रहरी परिसरलाई बुझाएको थियो ।

## व्यवसायी कँडेल मृत्यु प्रकरण

# अनमोल फिड्सका चार्टर्ड एकाउन्टेट रावल पक्राउ

चितवन/मस- व्यवसायी शंकर कँडेल मृत्यु प्रकरणमा किटानी जाहेरी परेकामध्ये एक जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा अनमोल फिड्सका चार्टर्ड एकाउन्टेट जीवन रावल रहेका छन् ।




भरतपुर महानगरपालिका-८ का ३७ वर्षीय रावललाई बाराको सिमाराबाट बिहीबार राति पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय चितवनका प्रवक्ता प्रहरी नायब उपरीक्षक विजयराज पण्डितले जानकारी दिए । राति नै उनलाई चितवन ल्याइएको छ । शुक्रबारदेखि अनुसन्धानको प्रक्रिया अघि बढेको उनले बताए ।

भागेर लुकेको अवस्थामा रावललाई प्रहरीले पक्राउ गरेको हो । कँडेलले आत्महत्या अघि लेखेको ‘सुसाइड नोट’मा रावल र सोही कम्पनीको ८५ प्रतिशत शेयर किनेका प्रदीप रुङ्गटाका कारण आफूले आत्महत्या गर्नुपरेको उल्लेख गरेका छन् । सो घटनापछि निरन्तर दबाबमूलक कार्यक्रम भइरहेका छन् ।

रुङ्गटा पक्राउका लागि नेपाल र भारतीय भूमिमा खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ । पण्डितले नेपाल प्रहरी, सिआइबीलगायत सङ्गठनका निकाय परिचालन भएकाले छिट्टै पक्राउ पर्ने बताए । कँडेल मंगलबार साँझ चितवनको नारायणगढस्थित आफ्नै कार्यालयमा झुन्डिएको अवस्थामा भेटिएका थिए । नेपालका परिचित पोल्ट्री व्यवसायी कँडेल नेपाली कांग्रेसका महासमिति सदस्यसमेत थिए ।

कांग्रेससहित उद्योगी व्यवसायीको अगुवाइमा बुधबार र बिहीबार भरतपुरमा बृहत् प्रदर्शन भएको थियो । कँडेलले आफूले नेतृत्व गर्दै आएको अनमोल फिड्सको ८५ प्रतिशत शेयर रुङ्गटालाई बिक्री गरेपछि सो समूहले मानसिक तनाव दिएकै कारण आत्महत्या गर्नुपरेको ‘सुसाइड नोट’मा लेखेका छन् ।

# काम नगर्ने कम्पनीलाई कारबाही गर्न निर्देशन

**काठमाडौं/मस**– भौतिक पूर्वाधार तथा यातायात मन्त्री प्रकाश ज्वालाले हुलाकी राजमार्गअन्तर्गत बेतौना-विराटनगर सडक खण्डको काम नगर्ने निर्माण कम्पनीलाई कारबाही अघि बढाउन निर्देशन दिएका छन् ।

मन्त्री ज्वालाले सडक विभाग र इटहरी कार्यालयका आयोजना प्रमुखलाई टेलिफोन गरी तत्काल निर्माण कम्पनीलाई कारबाही गर्न निर्देशन दिएका हुन् । उनले समस्या तत्काल समाधान गर्न मातहतका निकायलाई निर्देशन दिएका छन् ।



बेतौनादेखि विराटनगरसम्मको झन्डै १८ किलोमिटर सडक निर्माणका लागि सञ्चालित दुई ठेक्काको निर्माण एक महिनादेखि ठप्प छ । निर्माण रोकिएपछि इटहरी कार्यालयले निर्माण व्यवसायीलाई लिखित पत्राचार गरिसकेको छ । निर्माण सम्पन्न गर्ने गरी तत्काल काम अघि नबढाए निर्माण व्यवसायीलाई सार्वजनिक खरिद ऐन, नियमावली तथा ठेक्का सम्झौताका सर्तबमोजिम कारबाहीको प्रक्रिया अगाडि बढाउने आयोजनाले जनाएको छ ।

हुलाकी राजमार्गको सो खण्डको निर्माण रोकिएको विषयमा विगतदेखि नै जनप्रतिनिधिले चासो देखाउँदै आएका छन् । अहिले निर्माण कम्पनीले कामा ठप्प गरेपछि संघीय सांसद, प्रदेशसभा सदस्य र पाँच स्थानीय तहका जनप्रतिनिधिले शुक्रबार पत्रकार सम्मेलन गरेका थिए । हुलाकी राजमार्ग निर्देशनालयअन्तर्गतको इटहरी योजनाको कार्यक्षेत्रमा झापा, मोरङ, सुनसरी र सप्तरी गरी चार जिल्ला छन् । जम्मा ४४ किमी खण्डमा पाँच ठेक्का लगाइएकोमध्ये हालसम्म २० किमी सडकमा कालोपत्र भइसकेको छ ।

### रोकिएन...

पार्टीको भन्ने प्रवृत्ति छ ।’ अपराधी कसैको नहुने भएकाले अपराधीलाई अपराधीकै रुपमा व्यवहार गर्न सक्दा हिंसा न्युनीकरण हुने उनलाई लाग्छ । तर, समस्या फेरि पनि अपराधको ढाकछोप गर्ने प्रबृति रहेको उनको बुझाई छ । तर, महिला हिंसाका घटना बाहिर नै नआउने र आएका पनि ठोस निचोडमा नपुग्ने समस्या रहेको सरोकारवालाहरु बताउँछन् । उनीहरूका अनुसार नेपालमा धेरै यस्ता केस छन्, जुन क्षणभरमै विलाएर गएका छन् । पीडक सजायविहीन भई खुलेयाम घुमिरहने र पीडित महिला पीडामै बाँचिरहनुपर्ने अवस्था समेत विद्यमान रहेको बताइन्छ । न्याय माग्न अदालत पुग्ने महिला असंख्य छन् । तर समयमा मुद्दाको टुंगो नलाग्ने समस्या पनि छ ।

### परिवारका...

परेका छन् । ओरेकका अनुसार फरक-फरक प्रकारका हिंसाको सिकार भइरहँदा ५० प्रतिशत महिलालाई मानसिक असर परेको छ । ३३ प्रतिशत महिलालाई शारीरिक असर परेको छ र ५ प्रतिशत महिलालाई सामाजिक असर परेको छ । यति मात्र नभई १७ प्रतिशत महिला ती सबै असरबाट ग्रसित छन् । तथ्याङ्कले महिलामाथि हुने हिंसा न्यूनीकरण हुनुको साटो बढीरहेको देखाउँछ ।

### स्थानीय...

सहजीकरण गरिदिने गुरुङले बताए । सम्बन्धित व्यक्तिले श्रम स्वीकृति लिनुपूर्व सामाजिक सुरक्षा कोष, कल्याणकारी कोष र बिमाका लागि तिर्नुपर्ने रकम आफूहरूले मोबाइल बैंकिङबाट तिरेर सहजीकरण गरिदिने गरेको उनको भनाइ छ ।

‘मोबाइल बैंकिङ हुने र जान्नेहरूले आफैँ तिर्नु भए पनि हुन्छ, नभए हामीहरूले सहजीकरण गरिदिएर उहाँहरूसँग उक्त रकम लिने गरेका छौं,’ उनले भने । उनका अनुसार कल्याणकारी कोषका लागि रु एक हजार पाँच सय, सामाजिक सुरक्षा कोषका लागि न्यूनतम रु दुई हजार र बिमाका लागि उमेरअनुसारको शुल्क तिर्नुपर्ने हुन्छ । उक्त सबै काम भए पनि अनलाइनमार्फत श्रम स्वीकृति प्राप्त हुने र उनीहरूलाई उक्त स्वीकृति मोबाइलमा पठाइदिने व्यवस्था मिलाइएको छ । ‘पहिला-पहिला श्रम स्वीकृतिका लागि पोखरा जानुपर्थ्यो, एजेन्ट लगाउनुपर्थ्यो । पैसा पनि बढी तिर्नुपर्ने गुनासो आउने गरेको थियो, अब स्थानीय तहबाटै सेवा लिन पाउँदा उहाँहरूलाई झन्झट हुँदैन,’ उनले भने । उनका अनुसार एजेन्ट लगाउँदा ठगिने गरेको गुनासो पनि आउने गरेको थियो ।

आँबुखैरेनी गाउँपालिकाले पनि पालिकाबाटै श्रम स्वीकृति दिने व्यवस्था मिलाएको छ । वैदेशिक रोजगारीलाई थप व्यवस्थित, सुरक्षित, भरपर्दो र पारदर्शी बनाउने साथै सेवाग्राहीलाई स्थानीय तहबाटै सेवा दिने मन्त्रालयको अनुमतिपश्चात वैदेशिक रोजगारमा संलग्न हुने व्यक्तिहरूले व्यक्तिगत श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिका लागि रोजगार केन्द्रमा सम्पर्क गर्न सकिने प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माले जानकारी दिए ।

जिल्लाको शुक्लागण्डकी नगरपालिकाले पनि मन्त्रालयको परिपत्रबमोजिम पालिकाबाटै श्रम स्वीकृति दिने व्यवस्था मिलाएको नगरपालिकाका रोजगार संयोजक कमला गैह्रे सुवेदीले जानकारी दिए । जिल्लाका व्यास नगरपालिका, म्याग्दे गाउँपालिका, ऋषिङ गाउँपालिकाले पनि श्रम स्वीकृति दिने व्यवस्था मिलाइसकेका छन् ।

### रास्वपा...

नसकेको उनको भनाइ छ । प्रचण्ड नेतृत्वको सरकारमा रास्वपा गृह, शिक्षा र श्रम तथा रोजगार मन्त्रालय लिएर सरकारमा गएको थियो । तर नागरिकता सम्बन्धी मुद्दामा सर्वोच्चको आदेशपछि रवि लामिछानेको सांसद पद गएपछि उनले गृहमन्त्रालय गुमाएका थिए । त्यसपछि रास्वपाका अरू मन्त्री सरकारबाट फिर्ता भए पनि रास्वपाले समर्थन फिर्ता लिएको थिएन ।

रास्वपाले सरकारलाई दिएको समर्थन फिर्ता लिएसँगै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले विश्वासको मत लिनु पर्छ कि पर्दैन भन्ने प्रश्न उठेको छ । गणितीय दृष्टिलाई ख्याल गरेर प्रधानमन्त्रीले विश्वासको मत लिनुपर्छ वा पर्दैन भन्ने विषयमा संसदीय मामिलाका जानकार र संविधानका ज्ञाताहरु समेत एकमत छैनन् । एकथरि कानूनका ज्ञाताहरु सत्ता साझेदार दल सरकारबाट बाहिरिएर समर्थन फिर्ता लिए पनि सरकारको बहुमत रहने अवस्थासम्म प्रधानमन्त्रीले विश्वासको मत लिनु नपर्ने बताउँछन् । अर्काथरी भने संविधानमा स्पष्ट रूपमा विश्वासको मत लिनुपर्छ भनेर लेखिएका कारण प्रधानमन्त्रीले विश्वासको मत लिनैपर्ने सुझाउँछन् ।

संविधानको धारा १०० मा सरकारमा सहभागी भएको दलले समर्थन फिर्ता लिएमा प्रधानमन्त्रीले विश्वासको मत लिनुपर्ने व्यवस्था उल्लेख छ ।

‘प्रधानमन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजित भएमा वा सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएमा तीस दिनभित्र प्रधानमन्त्रीले विश्वासको मतका लागि प्रतिनिधि सभा समक्ष प्रस्ताव राख्नु पर्नेछ’ संविधानको धारा १०० (२) मा छ ।

पसंविधानविद बिपिन अधिकारी अब प्रधानमन्त्री प्रचण्डले प्रतिनिधिसभामा आफ्नो बहुमत स्पष्ट गर्नुपर्ने बताउँछन् ।

‘सरकार संसदमा सधैं बहुमतमा हुनुपर्छ’ उनी भन्छन्, ‘सत्ता समीकरण फेरबदल भएपछि सरकारले आफ्नो पक्षमा बहुमत रहेको संसदीय प्रक्रियाबाट स्पष्ट गर्नुपर्छ । यो नैतिक विषय मात्रै होइन, बाध्यकारी व्यवस्था हो ।’

विश्वासको मत प्रधानमन्त्रीले आफूमाथि संसदको विश्वास छ भन्ने पुष्टि गर्न आफैंले प्रस्ताव गर्ने व्यवस्था हो । सामान्यतः जब प्रधानमन्त्रीले संसदमा बहुमत गुमाउने अवस्था हुन्छ त्यस्तो बेला प्रतिनिधि सभामा रहेका प्रतिपक्षी दलका सांसदहरुले प्रधानमन्त्रीलाई बहुमतसिद्ध गर्न आग्रह गर्न सक्छन् । संसदमै माग भएर बहुमत पुष्टि गर्नु भन्दा त्यस अगावै बहुमत रहेको स्पष्ट गर्न प्रधानमन्त्री प्रचण्डलाई संविधानविद अधिकारीको सुझाव छ । विगतमा सरकारलाई बहुमत (समर्थन गर्ने सांसद संख्या) छ भन्ने रहँदासम्म प्रधानमन्त्रीले विश्वासको मत नलिएको नजिर छ । २३ फागुन २०७५ मा तत्कालीन महन्थ ठाकुर नेतृत्वको राष्ट्रिय जनता पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिँदा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधि सभामा विश्वासको मत लिएका थिएनन् ।

ओली प्रधानमन्त्री बन्दा समर्थन गरेको र विश्वासको मत दिएको तत्कालीन राष्ट्रिय जनता पार्टी सरकारमा सहभागी भएको थिएन । सरकारमा सहभागी नभएको दलले पहिले गरेको समर्थन फिर्ता लिएको र त्यस घटनाले सरकार अल्पमतमा नपरेको तर्क गर्दै त्यसबेला तत्कालीन प्रधानमन्त्री ओलीले विश्वासको मत लिएनन् ।

पछि ९ पुस २०७६ मा उपेन्द्र यादव नेतृत्वको तत्कालिन संघीय समाजवादी पार्टीले ओली नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लियो । तर तत्कालिन नेकपाको स्पष्ट बहुमत रहेको भन्दै ओलीले विश्वासको मत लिएनन् । ५ पुस २०७५ मा प्रधानमन्त्री ओलीले प्रतिनिधिसभा विघटन गरेपछि तत्कालीन नेकपाको एक समूहले सरकार छाड्यो । पछि सर्वोच्च अदालतको फैसलापछि नेकपा माओवादी र एमाले अलग दल भए । त्यसबेला संविधानतः सरकारमा सहभागी दल सरकारबाट बाहिरिएका कारण प्रधानमन्त्रीले विश्वासको मत लिनुपर्ने आवाज उठेको थियो ।

त्यतिबेला ओलीले प्रतिनिधिसभा समक्ष विश्वास छ भनेर परीक्षण गरे । तर उनले विश्वासको मत नपाएर पदमुक्त भए र ठूलो दलको हैसियतमा संविधानको धारा ७६ (३) अनुसार पुनः प्रधानमन्त्री बनेका थिए ।

संविधानविद भीमार्जुन आचार्य विगतमा जे जस्तो भए पनि प्रधानमन्त्रीले विधि स्थापित गर्ने गरी सोच्नुपर्ने बताउँछन् । संविधानले सरकारमा सहभागी दलले समर्थन फिर्ता लिए विश्वासको मत लिनुपर्छ भनेकाले विश्वासको मत लिनु उपयुक्त हुने उनको भनाइ छ ।

# नेपाल बार एशोसिएसन रौतहटको दबाबमूलक अभियान समापन

**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, २२ वैशाख

नेपाल बार एशोसिएसनले वैशाख १७ गतेदेखि एक हप्ताका लागि शुरु गरेको दबाबमूलक अभियान समापन भएको छ । सो अभियान अन्तर्गत जिल्ला सदरमुकाम गौरमा दबाबमूलक अभियान सञ्चालन भएको थियो ।

नेपाल बार एशोसिएसन गौर रौतहटको आयोजनामा प्रधानन्यायाधीश नियुक्ति लगायतका विषयमा नेपाल बार एशोसिएसन केन्द्रको आह्वानमा भइरहेको आन्दोलनमा रौतहटका कानून व्यवसायीहरूले समर्थन जनाउँदै आन्दोलन गरेका थिए ।



एक हप्ते अभियानमा ‘स्वतन्त्र न्यायपालिकाको रक्षा गरौं’, ‘न्यायपालिका भित्रको भ्रष्टाचार’, ‘विकृति र विसंगति अन्त्य गर,’ ‘पूर्ण स्वचालित पेशी व्यवस्थापन प्रणाली लागू गर,’ ‘प्रधानन्यायाधीशको नियुक्ति अविलम्ब गर,’ ‘सर्वोच्च अदालत लगायत सबै तहका अदालतमा रिक्त रहेको न्यायाधीश यथाशीघ्र नियुक्ति गर,’ ‘संवैधानिक दायित्व पूरा गर,’ ‘संवैधानिक परिषदको बैठक अविलम्ब बोलाउ,’ ‘संसदीय सुनवाइ समिति गठन गर’ लगायतको नारा लगाइएको थियो ।

सो अवसरमा बारका जिल्ला अध्यक्ष नन्दकिशोर साह, पूर्वअध्यक्ष राजाराम यादव, वरिष्ठ अधिवक्ता शाविर हुसेन, अधिवक्ता मो.मजरूल हक, अधिवक्ता मो.आफताब आलम लगायतका कानून व्यवसायीहरूको सहभागिता रहेको थियो ।

# बालिका बलात्कार कसुरमा ११ वर्ष कैद

**मध्यविन्दु/मस**-नवलपुर जिल्ला अदालतले १६ वर्षीया बालिका बलात्कार गरेको कसुरमा एकजनालाई ११ वर्ष कैद सजाय सुनाएको छ ।

नवलपरासी (बर्दघाट सुस्तापूर्व)को मध्यविन्दु नगरपालिका-९ का मोहन पुनलाई एक १६ वर्षीया बालिकालाई बलात्कार गरेको ठहर गर्दै सो सजाय सुनाएको जिल्ला अदालतका नायब सुब्बा सन्तोष सिग्देलले बताए ।

‘न्यायाधीश उमेशप्रसाद लुइँटेलको इजालासले बलात्कार कसुर ठहर गर्दै पुनलाई ११ वर्ष कैद र पीडितलाई रु एक लाख ५० हजार क्षतिपूर्ति भर्नुपर्ने आदेश गरेको छ’, उनले भने । पीडित बालिकालाई पुनले २०७७ साल भदौ १८ गते बलात्कार गरेको अभियोगमा २०७७ साल असोज २९ गते जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्तापूर्व)मा उजुरी दर्ता भएको थियो । उजुरीपछि २०७७ साल कात्तिक ३ गते गिरफ्तार भएका पुनलाई नवलपुर जिल्ला अदालतले कात्तिक २६ गते पुर्पक्षका लागि थुनामा पठाएको थियो । बालिकाको स्वास्थ्य परीक्षण ०७७ साल असोज २९ गते मध्यविन्दु जिल्ला अस्पताल डन्डामा गरिएको थियो ।

# हेलिकप्टर दुर्घटनामा एक जनाको मृत्यु, चार जना घाइते

**मध्यान्ह संवाददाता**
काठमाडौं, २२ वैशाख




संखुवासभाको भोटखोला-४ मा सिम्रिक एयरको हेलिकप्टर दुर्घटना भएको छ । दुर्घटनामा एक जनाको मृत्यु भएको छ । दुर्घटनामा स्थानीय भविन गुरुङको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय संखुवासभाका डिएसपी वीरेन्द्र गोदारले जानकारी दिए ।

हेलिकप्टरमा सवार चार जना गम्भीर घाइते भएको भएका छन् । शुक्रबार दिउँसो १:१० बजे भोटखोला गाउँपालिका-४ हटियाको सिक्स्रुङको हम्मरेडाँडामा रुखमा ठोक्किएर हेलिकप्टर दुर्घटना भएको प्रहरी जनाएको छ ।

मृतक गुरुङ हेलिकप्टरमा सहयोगीका रुपमा काम गर्दै आएका थिए । दुर्घटनामा परी क्याप्टेन सुरेन्द्र पौडेल, को-पाइलट छिरिङ भोटे, अर्का सहयोगी मनोज थापा र नेपाल विद्युत् प्राधिकरणका कर्मचारी विक्रम शंकर गम्भीर घाइते भएका छन् । उनीहरुलाई थप उपचारका लागि काठमाडौं ल्याइएको छ ।

हटिया गोलाको छोङग्राङबाट माथिल्लो अरुण जलविद्युत् आयोजनाको सामग्री बोकेर उडेको हेलिकप्टर सिप्रुङको हम्मरेडाँडामा रुखमा ठोक्किएको थियो । सेनाको हेलिकप्टर दुर्घटनास्थल पुगेर घाइतेहरूको उद्धार गरेको थियो ।

हेलिकप्टरले विद्युतका सामग्री झुण्ड्याएर सिलिङ अपरेसन गर्दै आइरहेको थियो । सिम्रिकको हेलिकप्टर बिहीबार काठमाडौंबाट खाँदबारी प्रहरी कार्यालयमा अवतरण भइ उत्तरी गोलातर्फ बेलुकी गएको थियो । त्यहाँ उसले शुक्रबार बिहानदेखि विद्युत्का सामान ओसार्न सटल उडान गर्दै आइरहेको थियो ।

# कतारमा मनाइयो २५६७औं बुद्ध जयन्ती



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, २२ वैशाख

शान्तिका अग्रदूतका रूपमा विश्वमा परिचित भगवान् गौतम बुद्धको २५६७औं जन्मजयन्ती कतारमा भव्यरूपमा मनाइएको छ । । गैर आवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् कतारको समन्वयमा कतारमा स्थापित विभिन्न ८७ संघसंस्थाको संयुक्त आयोजनामा बुद्ध जयन्ती मनाइएको हो । संघका अध्यक्ष मोहमद मुक्तदा मुसलमानको सभापतित्व तथा कतारका लागि नेपाली राजदूत डा. नरेश विक्रम ढकालको प्रमुख आतिथ्यतामा नेपाली दूतावासमा कार्यक्रम सम्पन्न भएको हो ।

दीप प्रज्वलनसहित व्यानर अनावरण गरी धर्म गुरुले मोवम मन्त्रसँगै त्रियुगा बन्धन गरेपश्चात् राष्ट्रिय गानसहित कार्यक्रमको शुभारम्भ गरिएको थियो । धर्म गुरुले बुद्धको जन्म जयन्ती, बुद्धत्व प्राप्त, बुद्धपदा निर्वाण, त्रियुग सांहरको बारेमा व्याख्या गरेका थिए ।

कार्यक्रममा शुभकामना मन्तव्य दिने वक्ताहरूले बुद्ध जयन्तीको समयमा मात्रै नभई बुद्धको सन्देशलाई सदैव सबैले अनुसरण गर्नुपर्ने बताए । बौद्ध धर्मावलम्बीले मात्रै नभई सम्पूर्ण मानवहरूले बुद्धको बुद्धत्वलाई सम्मान र बुद्ध मूर्तिहरूको संरक्षण र सम्बर्द्धन गर्नुपर्नेमा उनीहरुले जोड दिएका थिए । विश्वसामु नेपाललाई चिनाउने विभूति पञ्चशीलतालाई अनुसरण गरेमा देशमा भइरहेका अशान्ति, हत्या, हिंसाको अन्त्य भई मुलुक शान्ति र सत्मार्गतिर उन्मुख हुने विश्वास वक्ताहरूले व्यक्त गरेका थिए ।

कार्यक्रमका प्रमुख अतिथि ढकालले बुद्ध सन्देशलाई अनुसरण गर्दै अगाडि बढ्नका लागि प्रेरित हौं भन्ने शुभेच्छा प्रकट गरेका थिए । कार्यक्रमको समापन गर्दै सभापति मुसलमानले बुद्धको वाणी व्यावहारिकरूपमा अनुसरण गरी भाइचाराको भूमिका निर्वाह गर्न आग्रह गर्दै भारतले बुद्धमाथि अतिक्रमण गरी गलत प्रचारप्रसार गरेकाले सचेत रहनुपर्ने धारणा राखेका थिए ।

कार्यक्रममा कतारका अग्रज, बुद्धिजिवीलगायतको उपस्थिति रहेको थियो । जैवी चाम्लिङ राईको स्वागत मन्तव्यबाट शुरु भएको कार्यक्रमका बारेमा जनजाति महासंघका सल्लाहकार सियाराम चौधरीले प्रष्ट पारेका थिए ।

संघका सचिव एवम् कार्यक्रम संयोजक रविन मगरले कार्यक्रमको सहजीकरण गरेका थिए भने लामा गुरुहरू गुर्बा लामा, बेन्दे लामा र अनिता लामाले पूजाअर्चना गरेका थिए । नेपाल मगर संघ शाखा कतार, तमु (गुरुङ) समाज कतार, नेपाल प्रवासी तामाङ समाज, शेर्पा किदुगं दोहा कतार र थारु कल्याणकारीसभा कतार च्याप्टरले पूजाअर्चनाको व्यवस्थापन गरेका थिए ।

# झुगलामा बेलिब्रिज, रारा पुग्न सहज



**जीवन कैला/मध्यान्ह**
बाजुरा, २२ वैशाख

कर्णाली प्रदेश सरकार र खत्याड गाउँपालिका मुगुको संयुक्त लगानीमा झुगलामा बेलिब्रिज निर्माण गरिएको छ । बाजुरा, हुम्ला र मुगुलाई जोड्ने गरी निर्माण भएको २४ टन भार क्षमताको उक्त बेलिब्रिजको निमार्ण कार्य सम्पन्न पश्चात शुक्रबार उद्घाटन गरिएको हो ।

कर्णाली प्रदेश सरकार र खत्याड गाउँपालिका मुगुको ३ करोड ५९ लाख ५८ हजार २३ रुपैयाँ ६ पैसाको लागतमा निर्माण भएको उक्त बेलिब्रिजको कर्णाली प्रदेश सरकारका प्रथम मुख्यमन्त्री तथा प्रतिनिधि सभा सदस्य महेन्द्र बहादुर शाहीले ब्यानर वाचन गरेर उद्घाटन गरेका छन् ।

२०८० असार २५ सम्म काम सम्पन्न गर्ने गरी जलप रवी चक्र जेभि निर्माण कम्पनीले ३ करोड ३५ लाख २ सय ९३ रुपैयाँ ५ पैसामा सम्झौता गरेको थियो । गत २०७८ पुस ८ गते निर्माणका लागि सम्झौता भएको बेलिब्रिजको २०८० वैशाख १० गते निमार्ण सम्पन्न भएको निमित्त प्रमुख प्रशासकीय अधिकृत रतन बहादुर शाहीले बताए ।

सम्झौता सम्पन्न मिति भन्दा दुई महिना अगावै ३ करोड ५९ लाख ५८ हजार २३ रुपैयाँ ६ पैसा लागतमा पुल निर्माण कार्य सम्पन्न भएको कम्पनीले जनाएको छ । कर्णाली प्रदेश सरकार र खत्याड गाउँपालिकाको संयुक्त लागतमा ६० मिटर ९७ सेन्टिमिटर लम्बाई र करिब तीन मिटर चौडाईमा पुल निर्माण भएको जनाइएको छ । बाजुरा हुम्ला र मुगु जोड्ने झुगलामा बेलब्रिज पुल निर्माण भएपछि स्थानीयलाई आवतजावतमा सहज हुने भएको छ ।

विगतमा पुल नहुँदा आवतसँगै व्यापार व्यवसाय र खाद्यान्नका सामग्री बोकेर लिनुपर्ने बाध्यता भए पनि अब पुल निर्माण भएपछि केही सहज भएको खत्याड गाउँपालिका रिगाकी स्थानीय धुमडी पाण्डेले बताए ।

उनले विगतमा यातायातको सुविधा नहुँदा दुःख पाएको सम्झिँदै अहिले घर आँगनमा गाडी पुग्ने भएपछि खुशी व्यक्त गरे ।

हिमाली गाउँपालिकाका स्थानीय रंग मल्लले झुगलामा बेलिब्रिज निर्माण भएपछि रारा पुग्न सहज हुने बताए । उनले पुल निर्माणले बाजुरा, हुम्ला र मुगुको पनि पारस्पारिक र व्यापारिक सम्बन्ध जोडिएको बताए ।

उनले अब रारा पुग्ने आन्तरिक तथा बाह्य पर्यटकलाई आवत-जावतमा सहज हुने बताए ।

कर्णाली प्रदेशका भौतिक पूर्वाधारमन्त्री मंगल बहादुर शाहीले चुनावका बेला आफुले मत माग्दै गर्दा मतदाताले बोलेका कुरा पूरा गरेको बताए । उनले मतदाताको पुल बन्ने चाहान पूरा भएको बताए ।

उनले रारासम्म पुऱ्याउने सडक कालोपत्रे गर्ने आफ्नो पहिलो काम हुने बताए । पुल निर्माण मात्रै प्राथमिता नभई सडक निमार्ण पहिलो कार्य भएको बताउँदै उनले जुम्ला जोड्ने सडक र रारा राजमार्ग जोड्ने सडक तत्काल कालो पत्रे गर्ने आफ्नो पहिलो प्राथमिता रहने बताए ।

झुगलमा बेलिब्रिज निर्माण भएपछि अब कोल्टीबाट सिँधै रारा पुग्न सहज हुने नागरिक अगुवा जनेश भण्डारीको अपेक्षा छ ।

# रेडक्रस जुनियर युवाको मधेश प्रदेशस्तरीय दुई दिने शिविर शुरु




**मध्यान्ह संवाददाता**
रौतहट, २२ वैशाख

नेपाल रेडक्रस जुनियर युवाको मधेश प्रदेशस्तरीय दुई दिने शिविर गौरमा शुरु भएको छ । शिविरको उद्घाटन गौर नगरपालिकाका प्रमुख शम्भु साहले गरेका थिए । सो अवसरमा नगरप्रमुख साहले 'दुःखमा रेडक्रस' भन्ने नाराअनुसारको काम गर्न युवाहरुलाई प्रेरित गरे । उनले रक्तदान गर्न अभियान चलाएर जनसमुदायलाई जागरुक बनाउन आग्रह गरे ।

यस्तै रेडक्रस बागमती प्रदेशका सभापति भोला रुपाखेतीले अग्रजले ठाउँ नदिएसम्म युवा नेतृत्व आउन नसक्ने बताए । उनले नयाँ नेतृत्वलाई ल्याउनका लागि मार्गप्रशस्त गर्न पुराना नेतृत्वलाई आग्रह गरे । नेपाल रेडक्रस सोसाइटी मधेस प्रदेशका सभापति फुल महमदको अध्यक्षतामा भएको शिविरमा जिल्ला अध्यक्ष राजकिशोर यादव, पूर्व अध्यक्ष डा.नन्दकिशोर झा, फुलबाबु मिया, जगदीशप्रसाद अर्याल तथा शिक्षक धिरजय कुमार मिश्रसहितले मन्तव्य राखेका थिए ।

# गोदाममै थन्कियो पाठ्यपुस्तक

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २२ वैशाख



हुम्लाको दक्षिण क्षेत्रमा पर्ने चंखेली गाउँपालिकाका विद्यालयमा अझै पाठ्यपुस्तक पुग्न सकेको छैन । पुस्तक ढुवानी गरेर सलिसल्लाको गोदामसम्म ल्याइएपनि गाउँपालिकाले बुझेको छैन । जसका कारण पाठ्यपुस्तक गोदाममै थन्किएको छ । गाउँपालिकाको लापरवाहीका कारण चंखेली गाउँपालिकाभित्रका २६ वटा विद्यालयमा एक हजार नौ सय ८० जना विद्यार्थीले पाठ्यपुस्तक पाउन सकेका छैनन् । हुम्लामा नयाँ शैक्षिक सत्र शुरु भइसकेको छ ।

पुस्तक ढुवानी गर्ने मानदेव शाहीले गाउँपालिका अध्यक्ष प्यारीलाल शाहीलाई खबर गर्दा पुस्तक लिन नआएको बताए ।

गाउँपालिका अध्यक्ष शाहीले विद्यालय र गाउँपालिकालाई पुस्तक नबुझ्ने भनाइ राख्दै आएको ढुवानीकर्ता शाहीले बताए । आफूले समयमै पुस्तक ल्याएको तर गाउँपालिकाले बुझ्न नमाने आफुले केही गर्न नसक्ने र जनक शिक्षा सामग्री केन्द्रलाई समेत सो कुरा जानकारी गरी सकेको ढुवानी कर्ता शाहीले बताए । जिल्लाका अन्य गाउँपालिकामा पुस्तक पुगिसकेका छन् भने केही गाउँपालिकामा पुग्नेक्रम जारी छ ।

# जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न शे-फोक्सुण्डोमा अन्तरक्रिया

**पूर्ण सार्की/मध्यान्ह**
डोल्पा, २२ वैशाख



हिमाली जिल्ला डोल्पाको शे-फोक्सुण्डो गाउँपालिका अन्तर्गत वडा नं ८ पर्ने फोक्सुण्डोमा जलवायु परिवर्तनको असर न्यूनीकरण सम्बन्धी अन्तरक्रिया सम्पन्न भएको छ ।

कार्यक्रममा प्रतिनिधि सभाका उपसभामुख इन्दिरा राना मगर, पूर्व परराष्ट्रमन्त्री डा.बिमला राई पौड्याल, सर्वोच्च अदालतकी न्यायाधीश सपना प्रधान मल्ल, उच्च अदालत नेपालगञ्जका न्यायाधीश वामदेव ज्ञवाली, प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेत लगायतको उपस्थिति रहेको थियो ।

नेपालमा जलवायु परिवर्तनको असर तीव्र रुपमा देखिरहेकाले न्यूनीकरण गर्न प्रतिनिधिमुलक कार्यक्रमको रुपमा फोक्सुण्डोमा आयोजना गरिएको साथसाथै फाउण्डेशनकी अध्यक्ष प्रजिता कार्कीले जानकारी दिइन् । यस्ता कार्यक्रमहरु सात वटै प्रदेशमा भइरहेकाले सधैं सहर बजार केन्द्रित कार्यक्रम गर्नुभन्दा प्रभावित क्षेत्रमै उपयुक्त हुने उनको भनाइ छ ।

'हिमाली जिल्लाहरुमा हिउ पर्ने समयमा पर्दैन्, पुस माघमा पनि डाँडाकाँडा रित्तै देखिन्छ, पानी पर्ने समयमा पनि पर्दैन पछिल्लो केही वर्ष यता जलवायु परिवर्तनका असर व्यापक रुपमा देखिएको छ' उनले भनिन् । त्यतिमात्र नभई फोक्सुण्डो अत्यन्तै सुन्दर भएकाले लाखौं आन्तरिक पर्यटक र बाह्य पर्यटक भित्र्याउन सकारात्मक सन्देश दिनका लागि पनि फोक्सुण्डो ताल नजिकै कार्यक्रम आयोजना गरिएको उनले बताइन् ।

उक्त कार्यक्रम गत असोजमा नै तय भएपनि हिमपात र असिनाका कारण डोल्पामा कार्यक्रम गर्न नसकिएको उनले सुनाइन् । डोल्पाका अधिकाशं नागरिकलाई जलवायु परिवर्तन सम्बन्धी केहीपनि जानकारी नभएको उनले बताइन् । त्यसैगरी प्रतिनिधिसभाका उपसभामुख रानामगरले डोल्पा अत्यन्त सुन्दर भएको बताएकी थिइन् ।

'फोक्सुण्डो ताल नेपालको भर्जिन ठाउँ हो, त्यहाँ पुग्ने जो कोहीलाई पनि स्वर्गको अनुभूती हुन्छ, तर यसका प्रचार प्रचार विकास गुरुयोजना निर्माण नहुँदा ओझेलमा परेको छ' उनले भनिन् ।

आफू काठमाडौं फर्किएपछि फोक्सुण्डो विकास र जलवायु परिवर्तनका विषयमा सदन र सरकार दुबैको ध्यानाकर्षण गराउने उनले प्रतिवद्धता व्यक्त गरिन् ।

आफू द्वन्द्वकालीन समयमा झण्डै एक महिना डोल्पाको भ्रमण गरेको उनले स्मरण गरिन् । उक्त टोली नेपालगञ्जबाट नेपाली सेनाको हेलिकप्टरमा डोल्पा पुगेको थियो । न्यायाधीश सपना प्रधान मल्ल, पूर्व परराष्ट्रमन्त्री राईलगायतको टोली शुक्रबार नै फर्किएको छ भने उपसभामुख राना मगरको टोली आज मात्रै फर्किने बताइएको छ ।

### उपसभामुखसमक्ष १० बुँदे मागपत्र

कार्यक्रममा गाउँपालिकाका अध्यक्ष धावा सुम्डुक गुरुङ लगायतका जनप्रतिनिधिहरुले फोक्सुण्डोको वृहत विकासको माग गर्दै उपसभामुखलाई ज्ञापनपत्र बुझाएका छन् । कार्यक्रममा सडक, खानेपानी, चीनसँगको सीमा नाका खोल्नेसहितका विभिन्न विषयमा १० बुँदे मागपत्र बुझाइएको हो ।

कार्यक्रममा प्रतिनिधिसभाका उपसभामुख राना लगायतका टिमलाई स्वागत गर्दै शे-फोक्सुण्डो गाउँपालिका डोल्पाले फोक्सुण्डो तालको छेउमा स्याप्डो नाच समेत देखाएको थियो । उपसभामुख मगर फोक्सुण्डो तालको भ्रमण सकिएलगत्तै जिल्लाको प्रसिद्ध धार्मिकस्थल श्री वाला त्रिपुरासुन्दरी मन्दिरको समेत दर्शन गरेकी थिइन् ।

### न्यायाधीश प्रधानद्वारा जिल्ला अदालत डोल्पाको अनुगमन

सर्वोच्च अदालतकी न्यायाधीश सपना मल्ल प्रधानले जिल्ला अदालत डोल्पाको अनुगमन गरेकी छन् । साथसाथै फाउण्डेशनले आयोजना गरेको जलवायू परिवर्तन सम्बन्धी कार्यक्रममा डोल्पाको फोक्सुण्डो ताल जाने क्रममा न्यायाधीश प्रधानले डोल्पा जिल्ला अदालतको अनुगमन गरेकी हुन् ।

न्यायाधीश प्रधानले जिल्ला अदालत डोल्पाबाट भइरहेका विभिन्न गतिविधिका बारेमा जानकारी समेत लिएकी थिइन् । जिल्ला अदालत डोल्पाका श्रेस्तादार मोहन प्रसाद बेलवासेले जिल्ला अदालत डोल्पाको समग्र अवस्थाको बारेमा न्यायाधिश प्रधानलाई जानकारी गराएका थिए । अनुगमनपछि न्यायाधीश प्रधानले जिल्ला अदालतमा देखिएका समस्याको बारेमा आधिकारिक पत्र सर्वोच्चमा पठाउन आग्रह समेत गरेकी थिइन् ।

# दुई लाख रुपैयाँ घुससहित सई विष्ट पक्राउ




**काठमाडौं/मस-** जिल्ला प्रहरी कार्यालय जलेश्वर महोत्तरीका लेखापाल प्रहरी नायव निरीक्षक (सई) विनोद विष्ट दुई लाख रुपैयाँ घुससहित पक्राउ परेका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालबाट खटिएको टोलीले विष्टलाई घुससहित शुक्रबार काठमाडौंको बानेश्वरबाट पक्राउ गरेको हो । विष्टले भवन निर्माणको म्याद थप तथा भुक्तानी प्रक्रियामा सहजीकरण गरिदिने भनी सेवाग्राहीसँग घुस लिएको अख्तियारले दाबी गरेको छ । सेवाग्राहीबाट नगद पचास हजार रुपैयाँ र एक लाख पचास हजार रुपैयाँको चेक गरी जम्मा दुई लाख रुपैयाँ घुस लिइसकेको अवस्थामा उक्त रकम र चेकसहित विष्टलाई पक्राउ गरिएको अख्तियारका प्रवक्ता भोला दाहालले जानकारी दिए ।

# रौतहटमा गाडीले ठक्कर दिंदा एक जनाको मृत्यु

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २२ वैशाख

रौतहटमा गाडीले ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ । रौतहटको वीरेन्द्र राजमार्ग चपुर गौर सडकखण्डमा बिहीबार राति गाडीले ठक्कर दिँदा करिब ३५ वर्षीय पैदलयात्रुको मृत्यु भएको हो । मृतक व्यक्तिको पहिचान खुल्न सकेको छैन । गाडीको ठक्करबाट घाइते भएका ती व्यक्तिलाई स्थानीयहरुले उपचारका लागि नेशनल मेडिकल कलेज वीरगञ्ज लगेका थिए । उनको उपचारका क्रममा मृत्यु भएको हो । प्रहरीले घटनामा संलग्न रहेको आशंकामा घटनास्थलबाट ना ४ ख १५३९ नम्बरको बसलाई अनुसन्धानका लागि नियन्त्रणमा लिएको छ । जन्ती लिएर जाँदै गरेको उक्त बसको सीसा फुटेको र घटनास्थलमा पनि फुटेको सीसा भेटिएको हुँदा बसलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय रौतहटले जानकारी दिएको छ ।



## कथा

# अनर्थ

उद्घाटन भएपछि 'प्रेमकारखाना' चलिरह्यो । किरण कुमार थियो । गाउँमा खासखुस शुरू भयो । नेपाली समाज, पायो मसला । अनेक कुरा हुन थाले । उषालाई आफ्नोभन्दा पनि किरणको इज्जतको पीर भयो । खुसुक्क सारा सम्पति बेचेर टाप कसिन् । किरणले पनि थाहा नपाउने गरी ।



■ धनराज गिरी

रवि र उषाको विवाह भयो । प्रेम विवाह नै थियो । उषा एक दलित युवती, नातेदार कोही पनि नभएकी, अनाथ आश्रममा ऊ हुर्केकी । रवि पण्डितको छोरो, तर विचारले प्रगतिशील, भयो क्रान्ति घरभित्र । पण्डित बाजे हरिद्वार गएर बसे भने आमालाई हृदयरोग । एक्लो भयो रवि साथी उषा मात्र । आफ्नो प्रेमको ठूलो मूल्य चुकायो उसले । रविको साथी किरण, अति मिल्ने, धनी बाउको छोरो हो किरण । किरणले रविलाई धेरै सम्झायो । तर आमाको वियोग सहन उसलाई गाह्रो भयो, उसले आफूलाई अपराधी मान्यो । उषाको प्रेम र किरणको मित्रताले पनि उसको भित्री घाउको मलमको काम गर्न सकेन । उही बिजुली पानीको शरणमा गयो । र, एक दिन बाइक दुर्घटनामा उषाको जीवनमा फेरि उही सन्नाटा । मित्रपत्नीको नाताले उषालाई धेरै सहयोग गऱ्यो किरणले । सेतो धर्ती हुन दिएन । भएको सम्पत्ति उषाको नाममा गरायो । सिलाइ बुनाइको तालीम लिने व्यवस्था पनि गरिदियो । आखिर आफ्नो रगतमा नै सीप लिएर आएकी उषा, राम्रोसित मिसिन चलाउने काममा दक्ष हुन पुगिन । कमाइ राम्रो हुन थाल्यो ।

पुसको समय । जाडो धेरै थियो । अचानक उषा बिरामी भइन । सात दिनसम्म ज्वरो आयो । किरणले हेर विचार गऱ्यो । आठौं दिन उषा स्वस्थ भइन् । केही दिन अझ आराम गरेर काममा लागिन् । एक साँझ किरण आयो उषाको खबर बुझ्न । कुराकानी, चियापछि किरण घर फर्किन लागेको थियो, झरी पो शुरू भयो । यति ठूलो पानी पऱ्यो कि ऊ अल्झियो ।

"किरण बाबु" किरणको कानमा गुलियो स्वर गुन्जियो । "हजूर ...." उसले पनि मिठो स्वरमा उत्तर दियो । "मलाई ज्वरो आउने हो कि ?" स्वरमा कम्पन । निधार छाम्यो किरणले । "हो त भाउजू आउनुहोस्" शयन कक्षमा लिएर गयो । सिरक ओढेर सुत्ने प्रयास गरिन् उषाले । अचानक च्याप्प हात समाएर किरणलाई आफूतिर तानिन र गालामा केही मेसो पाएन किरणले । "मरेर जाने मानिस फर्केर आउने होइन बाबू, हामी किन ?" रात बितायो किरणले ।

उद्घाटन भएपछि 'प्रेमकारखाना' चलिरह्यो । किरण कुमार थियो । गाउँमा खासखुस शुरू भयो । नेपाली समाज, पायो मसला । अनेक कुरा हुन थाले । उषालाई आफ्नोभन्दा पनि किरणको इज्जतको पीर भयो । खुसुक्क सारा सम्पत्ति बेचेर टाप कसिन् । किरणले पनि थाहा नपाउने गरी ।

उषा यो शहरमा आएको पनि २४ वर्ष बित्यो । एउटा टेलरिङ्ग हाउस छ, किरण र उनको मायाको चिनो एउटा छोरो प्रकाश शर्मा, दुई जना घरमा । प्रकाश शहरको कलेजमा मास्टर दोस्रो वर्षमा पढाइ अब्बल छ । लक्काजवान र आकर्षक व्यक्तित्वको धनी प्रकाश आमाको अनुहार लिएर जन्मिएको छ । "यो बाबु भाग्यमानी छ, आमाको अनुहार लिएर जन्मेछ", पाकाहरूको भनाइ आउँछ । पति र प्रेमी दुई नै गुमाएर यही छोरो भनेर बसेकी उषाको जीवनको उज्यालो यही 'प्रकाश !' छोरो पनि आमाको भक्त । यति भक्त कि आफ्नो पुर्खा र पिताको बारेमा पनि जान्न चाहेन ।



बाहिर आए । एकान्तमा बसे । "निशा, एउटा अनर्थ हुनबाट जोगिएका हामी । तिम्रो अनुहार पिताश्रीसित मिल्ने रहेछ । आमाले तिमीलाई देखेपछि अनुमान गर्नुभयो । जब निपनी र किरण धितालको नाम सुन्नुभयो त्यसपछि सातो गएको रहेछ । आमाले मलाई पूरा कथा सुनाएपछि म पो ..." सबै कथा सुनायो प्रकाशले ।

"निशा, हामी एक हुन सक्छौं नि ?" पार्कको एक कुनामा आज 'प्रेम दिवस'को दिन प्रकाश र निशा भावी योजना बनाउन व्यस्त । दुई वर्षदेखिको चक्कर हो यो । गाउँकी गोरी निशा अति राम्री । कलेजमा उनको नजिक हुन चाहने युवा अरू पनि थिए, तर उनको प्रेमरेलको जक्सन प्रकाश नै भयो । नजिक हुन थाले । पढाइ र साहित्यको चर्चा । सिनेमामा एकसाथ । कलेजमा पनि उनीहरूको प्रेमको चर्चा भयो । "यस्तो पो जोडी" सबैबीच चर्चा ।

"छोरा, यसपाली त तेरो बिहे गर्ने हो, जाँच दिएपछि, मलाई पनि त ब्याज चाहियो नि !" उषाले एक दिन मनको कुरो राखिन् । यस अघि यो कुरो उप्केको थिएन । आमाको कुरा सुनेपछि प्रकाश बोल्यो, "बुहारी खोज्नुभएको छ त ?"

"अहिलेको जमानामा तेरो आफ्नो चोइस, कोही छ ?"

"आमा, भोलि लिएर आउनेछु ।"

निशालाई लिएर साँझ प्रकाश घर आयो । निशाको अनुहार देखेपछि उषाको होस् गायब ! "हे भगवान !" मनमा सुनामी लहर । मन कन्ट्रोल गरिन् ।

"नानीको घर कहाँ हो ?"

"निपनी, चितवन ।"

"पिताको नाम ?"

"किरण धिताल" त्यसपछि प्रश्न गर्ने हिम्मत आएन । अचानक बिरामी हुने उनको शरीरको नियमसित प्रकाश परिचित थियो । यतिखेर पनि उषाको शरीर प्रतिपक्ष बन्यो । बेहोस पो भइन् । प्रकाश र निशा भएर उषालाई सुत्ने कोठामा लगे । उषा अर्ध चेतमा "अनर्थ अनर्थ" भनेर बर्बराउन थालिन् । निशा त्यो रात त्यहीँ रहिन् ।

आज छ डोरा धागोको दिन राखीको चाड । निशा र प्रकाश कहिलेकाहिं ॐ शान्ति आश्रम पनि जाने गर्दथे । भजन गाउने शोख उनीहरूको । प्रकाशको प्रस्तावमा निशा जान तयार भइन् । पुगे आश्रममा । गाए भजन "प्रेम से बस दो घडी ..." निर्मला बहनले राखी बाधन खोजेको प्रकाशले रोकेर भन्यो, "आजको यो पवित्र दिनमा म आफ्नो बैनी निशा धितालको हातबाट राखी ..." निशाको सातो गयो । "प्रकाश ..प्रकाश तिमी पागल त होइन ? के भयो तिमीलाई ? म मेरो बाबाकी एकली छोरी, कसरी तिम्रो बैनी ? यू ..सिल्ली गाय यत्रो मजाक नगर न यार !" एउटा तमाशा भयो आश्रममा । "लैला मजनू" भनेर उनीहरूले पनि चिनेका ।

"निशा, मेरी अनुजा, म कृष्ण, तिमी सुभद्रा, पहिले यो काम गर, अनि म सुनाउनेछू उषा-किरण निर्मित चलचित्रको दर्दनाक कहानी ।"

बाहिर आए । एकान्तमा बसे । "निशा, एउटा अनर्थ हुनबाट जोगिएका हामी । तिम्रो अनुहार पिताश्रीसित मिल्ने रहेछ । आमाले तिमीलाई देखेपछि अनुमान गर्नुभयो । जब निपनी र किरण धितालको नाम सुन्नुभयो त्यसपछि सातो गएको रहेछ । आमाले मलाई पूरा कथा सुनाएपछि म पो ..." सबै कथा सुनायो प्रकाशले ।

"दाजी...!" अँगालो मारेर मज्जासित रोइन निशा, सामुन्नेमा उषा र किरण हाजिर । निशाको आमा ब्लड क्यान्सर भएर ३७ वर्षको उमेरमा नै बितेकी ! किरण पनि शहर आयो । उषा र किरणबीच फेरि मिलन भयो । एम फिल गरेर मात्र प्रकाश र निशाले जीवनसाथी खोजे ।

"उषा, छोरीको अनुहार मसित नमिलेको भए 'अनर्थ' हुने हगि !" उषाले भनिन् । किरणले पनि थपे, "हो त ! जोगियो अनर्थ !"

## कविता

### उ एक योद्धा



नन्दराम खड्का

उ एक योद्धा
परिवर्तनका लागि लडेको योद्धा
आफु अनि संसार भुलेर
देशका लागि लडेको योद्धा ॥


देश बनाउन
बम, बारुद र छर्रासँग
नहारेको शाहसी योद्धा
तर, अचेल आफैसँग हार्न थालेको छ
आफ्नै अभाव, छट्पटी र पीडाहरुका अगाडि
मनभित्रका रहर र देखेका स्वर्णिम सपनाहरु
मनभित्रै मार्न थालेको छ ।

हिजो परिवर्तनको सौदामा
प्राण दाउँमा राखेको उ
आज छिनछिनमै अतालिन्छ, चिन्तित बन्छ
यताउता हेर्छ
आफु, आफुहरु र देश उस्तै देख्छ
बदल्नेहरु बदलिएर आफैलाई नचिन्दा
निक्कै भावुक बन्छ ॥

विस्तारै अभाव र जिम्मेवारीले
च्यापिरहेका छन्
कहिल्यै नथाक्ने योद्धा
उ अचेल हरेस खाँदै छ
नयाँ नेपाल बनाउँछु भन्दै
कयौं पटक लडेर उठेको उ
अब हारेर विदेशिने सुरमा छ

शरीरमा हिजोको जस्तो
उर्जा छैन उसको
समयले बिस्तारै बुढ्यौलीपनमा
तानी रहेको छ
उठ्नुस न्याय र मुक्तिका लागि
लडौं कमरेड भन्ने शब्द सम्झन्छ
सपना जस्तै लाग्ने
तितो बिगतको सत्यले
उसलाई हृदयमै हानिरहेको छ
उ एक योद्धा
परिवर्तनका लागि लडेको योद्धा ॥

## दुई मुक्तक



गणेश लोहनी

१.
घोँच्दै मुटु छेँड्दै छेँड्दै रूप रूपका शूल आए
ब्वाँसाका मष्तिष्क जडेका मान्छेका कुल आए
चनाखो भई अहोरात्र खबरदारी गरी रहौं है
आमा खानलाई गर्भैबाट माकुराका हुल आए ॥

२.
हरियो घाँस देखाएर ठग्नसम्म ठग्यौ राजा
सुख समृद्धिका कुरा भन कता लग्यौ राजा
हरेक जन उभार सधैँ उपेक्षा लायक ठान्यौ
नपत्याउँदो खोलामा लौ कसरी बग्यौ राजा ॥

## कथा

# पहिलो हृदय रोग

■ मधुसूदन अधिकारी



भाइको बिहेमा दामी एक जोर साडी किन्दिन्छु भनेर गुइँठेले उसकी श्रीमतीलाई भनेको थियो । देवरको बिहेमा दामी साडी लाउन पाउँछु भनेर श्रीमती पनि फुरुक्कै परेकी थिइन् । बिहेको सम्पूर्ण खर्च आफ्नै थाप्लोमा पर्न गएकाले गुइँठेलाई भित्रभित्रै सुकेनास लागे झैँ देखिन्थ्यो । नयाँ घर बनाउनु र कसैको बिहे गरदिनु, आफु अघि सर्नु भ्यागुतालाई तराजुमा तौलिनु जस्तै हो । एकातिर मिलाउँदा अर्कोतिर मिल्दैन ।

बिहेको सम्पूर्ण हाटबजार, बेहुलीका गरगहना इत्यादि भइसक्यो । श्रीमतीको साडी चाहिँ किनेको थिएन । बिहेको दिन लगन नजिकै आइसक्यो, श्रीमतीको साडी चाहिँ आएन । यो देखेर एकदिन उसकी श्रीमती रिसले मुरमुरिदैँ बेलुन फुलेझैं फूलेर बम भइन् । कुरै कुरामा दुबै दम्पतीबीच घमासान वाक्य शब्दको कम्पिटिसन हुन् थाल्यो । उडुस र मच्छरले टोकेको पुरूषहरुले सहन सक्लान् तर, श्रीमतीको वाक्य बाणको टोकाइ त सहन निकै धैर्यवान् व्यक्तिहरूले मात्र सकलान् । अश्रुबानको साहारा लिँदै गुइँठेकी श्रीमती भूतभुताउँन थाली, "बिहेभाको सात वर्ष बिते, कहिल्यै आफूले मन खाएको साडी किन्देका छौ ? अरूका लोग्नेहरुले कस्ता-कस्ता दामी साडी ल्याई दिन्छन् अनेकौं ।" यसरी गुइँठेलाई श्रीमतीले शब्द वाणको झटारो हानी । साडीको तृष्णामा रिसाएकी श्रीमतीलाई फकाउनु गुइँठेले निकै प्रयास गऱ्यो तर, सकेन ।

गुइँठे गाउँमा बिहेको निम्तो बाँड्न गयो ।

अचानक गुइँठे लरखराउँदै भुइँमा लड्यो । बिहे घरमा निकै खलबली मच्चियो । त्यहीबेला गुइँठेकी श्रीमती आतिँदै आई र रुँदै भन्छे, "हे भगवान यो के भयो मेरो गुइँठेलाई बचाई देऊ साडी मलाई चाहिँदैन ।" यसो भन्दै श्रीमती बिलौना गर्दै थी त्यही बेला गुइँठे छातीमा हात राखी जुरुक्कै उठ्यो र भन्छ, "यो मेरो पहिलो हृदय रोग ।"

यता उसकी श्रीमती छेपारोले रङ्ग फेरे झैं रङ्ग फेर्दै भित्र चुला कोठामा पसि । हल्का रुगा (सर्दी) लागे छ क्यार, स्याक्कसुक्क नाक तान्दै घोप्टोपरि लामा-लामा नङग्राका नेलपलिस् उक्काउँन थाली । गाउँमा निम्तो बाँडेर गुइँठे घर आई पुग्यो र उसलाई साह्रै भोक लागेको हुनाले सरासर भान्सा कोठाभित्र पस्यो । भात दाल त पाक्न परै जावोस् त्यहाँ त ठूलो भैंचालो आएर हो कि भान्सा कोठाको भाँडाकुडा, थालबटुका सबै बाहिर आँगनमा ताण्डब नृत्य गरिरहेका थिए । घरभित्रका सामान सबै छरपस्ट देखेर गुइँठे आफ्नो कोठाभित्र पस्यो । त्यहाँ उसकी श्रमती व्यञ्जन वर्णको 'द' जस्तै भएर सुतिरहेकी थिइ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**NICE OVERSEAS PVT. LTD.**
श्रम इजाजत पत्र नं. १०९९/०७३/०७४
Jawalakhel 13, Lalitpur, Tel.: 5435529, 5423629,, 9851193062
E-mail: info@niceoverseas.com.np, Website: www.niceoverseas.com.np

**युएईमा रोजगार** | कम्पनी : GECO MECHANICAL AND ELECTRICAL LTD CO शहरः UAE
पूर्व स्वीकृत मितिः २०८०/०१/१९ चलानी नं.: ६०२००९७८ LT. No.: 285459

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Male Cleaner | 40 | 0 | स. काममा दक्ष | 800 | २८,४४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता जनप्रिय थकाली भान्साघर, पोखरा, कास्कीमा २०८० जेष्ठ १ गते (15 May 2023) मा हुनेछ ।
अन्तर्वार्ता सेन्टर पोइन्ट पार्टी प्यालेस, विर्तामोड, झापामा २०८० जेष्ठ २ गते (16 May 2023) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० जेष्ठ ३ गते (17 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**SkyStar Recruitment Pvt.Ltd.**
श्रम इजाजत नं. १०७८/०७३/०७४
Sukedhara-4, Kathmandu, Nepal. Phone No: 01-5902344, 5902345, Po box no: 19122
Email: raza786md@yahoo.com, skystar1078@gmail.com,
info@skystarrecruitment.com, website: wwwskystarrecruitment.com
Pokhara : 9809373610|9809373609 | 061581053, Jhapa : 9824095439 | 9816978130 | 9817932278

**साउदीमा वैदेशिक रोजगार अवसर**
१. कम्पनीः HUSSAIN ALI AL-ANZI FOUNDATION शहरः RIYADH
पुर्व स्वीकृत मितिः २०७८/०८/१४ चलानी नं.: ६०१६९२२३ L.T. No.: 252324 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laborer | 1 | 0 | स. काममा दक्ष | 1200 | ४१,७८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० वैशाख ३० गते (13 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Al Taaz International Pvt. Ltd.**
Gov. Lic. No. 1251/074/075
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102,
Mob.: 9801147203, 9801147204, 9801147206, 9801147207, 9801147208, 9823402131
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np

**मलेसियामा रोजगार** | कम्पनी : MULTI CHOICE (M) SDN. BHD. शहरः PINANG
पुर्व स्वीकृत मितिः २०७९/०५/१२ चलानी नं.: ६०१८६२८२ LT. No.: 270382 पुन:विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Workers | 6 | 0 | स. काममा दक्ष | 1500 | ४३,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० वैशाख ३० गते (13 May 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**WIN RECRUITMENT PVT.LTD**
श्रम इजाजत नं. १३८३/०७४/०७५
Samakhusi, Kathmandu, Nepal, Tel.: 01-4965386,
Mobile No.: 9801112250/9801112262/9801112267

# हिमालयन शेर्पा र खुमलटारको जित



**काठमाडौं/मस–** राजधानीमा जारी शहीद स्मारक ए डिभिजन लिगमा हिमालयन शेर्पा क्लब र एफसी खुमलटारले जित निकालेका छन् । शुक्रबार भएको खेलमा हिमालयन शेर्पाले नेपाल पुलिस क्लबलाई २-१ गोल अन्तरले पारजित गरेको हो भने खुमलटारले जावलाखेल युथ क्लबलाई ४-२ गोल अन्तरले पराजित गरेको हो ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा हिमालयनलाई जित दिलाउन अबायोमी फाकुन्ले र अमृत श्रेष्ठले एक एक गोल गरे । पुलिसका सौजन राईले एक गोल फर्काए । खेलको १४ औं मिनेटमा अबायोमीले गोल गर्दै हिमालयनलाई सुरुआती अग्रता दिलाएका थिए । तर खेलको ३० औं मिनेटमा सौजनले गोल गर्दै पुलिसलाई १-१ गोलको बराबरीमा ल्याए । त्यसपछि खेलको ५१ औं मिनेटमा अमृतले गोल गर्दै हिमालयनलाई २-१ को जित दिलाए ।

हिमालयनको यो पाँचौं जित हो । हिमालयनले १५ खेलमा २० अंक जोडेको छ । पुलिसको यो आठौं हार हो । पुलिसले १५ खेलमा १५ अंक जोडेको छ ।

यस्तै एन्फा कम्प्लेक्स सातदोबाटोमा खुमलटारलाई जित दिलाउन स्टेफेन समिरले ह्याट्रिक गोल गरे भने मेसुके ओलुमोउले एक गोल गरे । जावलाखेलका विनोद केसीले एक गोल फर्काए भने रोहित सुब्बाले एक आत्मघाती गोल गरे ।

खेलको २० औं मिनेटमा स्टेफेनले गोल गर्दै खुमलटारलाई शुरुवाती अग्रता दिलाएका थिए । ४२ औं मिनेटमा खुमलटारका रोहितले आत्मघाती गोल गर्दा खेल १-१ को बराबरीमा पुग्यो । पहिलो हाफको इन्जुरी समयमा स्टेफेनले व्यक्तिगत दोस्रो गोल गर्दै खुमलटारलाई २-१ को अग्रता दिलाए ।

५१ औं मिनेटमा स्टेफेनले ह्याट्रिक पूरा गर्दा खुमलटार ३-१ ले अघि रह्यो । इन्जुरी समयको तेस्रो मिनेटमा विनोदले गोल गर्दै जावालाखेललाई ३-२ को स्थितिमा ल्याए । त्यसपछि इन्जुरी समयको पाँचौं मिनेटमा मेसुकेले गोल गर्दै खुमलटारलाई ४-२ को जित दिलाए ।

खुमलटारको यो पाँचौं जित हो । खुमलटारले १५ खेलमा १७ अंक जोडेको छ । जावलाखेलको यो पाँचौं हार हो । जावलाखेलले १५ खेलमा २४ अंक जोडेको छ ।

# सागरले एसियाली भारोत्तोलनमा प्रतिस्पर्धा गर्ने



**काठमाडौं/मस–** सागर भण्डारीले एसियाली भारोत्तोलन च्याम्पियनसिपमा प्रतिस्पर्धा गर्ने भएका छन् । दक्षिण कोरियाको जेन्जुमा मे ३ देखि १३ तारिखसम्म हुने प्रतियोगितामामा सागरले पुरुष १०९ केजीमाथि तौलसमूहमा प्रतिस्पर्धा गर्न लागेका हुन् ।

पेरिस ओलम्पिक छनोटका रुपमा समेत रहेको प्रतियोगितामा सहभागी हुन १३ औं दक्षिण एसियाली खेलकुदका रजत विजेता सागरसहित ३ सदस्यीय नेपाली टोली सोमबार दक्षिण कोरिया प्रस्थान गर्दै छ । प्रशिक्षकमा जीवन गौतम तथा व्यवस्थापकमा रामसुन्दर श्रेष्ठ रहेका छन् । नेपालको खेल मे १३ तारिखमा रहेको छ । टोलीलाई सफलताको शुभकामना दिदै राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङ, नेपाल भारोत्तोलन संघका अध्यक्ष राम श्रेष्ठ, काठमाडौं जिल्ला खेलकुद विकास समितिका अध्यक्ष गणेशलाल कक्षपति, भारोत्तोलनका मुख्य प्रशिक्षक राम पौडेल, प्रशिक्षक, खेलाडीलगायतले शुक्रबार एक कार्यक्रमबीच त्रिपुरेश्वरमा बिदाइ गरे ।

# युनिका र भिजनलाई स्वर्ण

**काठमाडौं/मस–** पुष्पलाल मेमोरियलकी युनिका खतिवडा र बाल गीताञ्जलीका भिजन तामाङले प्रथम चक्रबहादुर ठकुरी स्मृति जिल्लास्तरीय तेक्वान्दो प्रतियोगितामा शुक्रबार स्वर्ण जितेका छन् ।

श्री सुन्दरी माइ तेक्वान्दो डोजाङ, नेपालद्वारा आयोजित प्रतियोगिताको एकल पुम्सेतर्फ महिलामा युनिका तथा पुरुषमा भिजन पहिलो भएका हुन् । महिलामा नेप्लिज तेक्वान्दो एकेडेमी (एनटीए) की प्रगति कुइकेल दोश्रो तथा शुसंस्कारकी सिजल लामा र चन्द्रागिरीकी सिमानी लामा तेश्रो भए । पुरुषमा एनटीएका आयुश ढुंगेल दोश्रो तथा चन्द्रागिरीका लवाङ लामा र आयोजकका आर्दश बुढाथोकी तेश्रो बने ।

गोकर्णेश्वर नगरपालिकाको प्रायोजन तथा गोकर्णेश्वर नगर खेलकुद विकास समिति र गोकर्णेश्वर नगर तेक्वान्दो विकास समितिको संयोजनमा भइरहेको प्रतियोगिताको पुरुष २० केजीमा एम्बासडरका कविर मगर पहिलो भए । उनले फाइनलमा एनटीएका अर्थ कुइकेललाई पराजित गरे । २५ केजीमा एनटीएका प्रशान्त धमलाले एम्बासडरका सन्जिव जिरेललाई हराउदै स्वर्ण जिते । २८ केजीमा चन्द्रागिरीका समिर ठाकुरले शीर्ष स्थान हात पारे । समिरले फाइनलमा एनटीएका कुशल बाँस्तेलालाई पाखा लगाए । गोकर्णेश्वर नगरपालिका वडा १ को सुन्दरीजलस्थित ओखेनी माविमा भएको महिला २० केजीमा आयोजककी पुनम घिमिरेले फाइनलमा एनटीएकी स्मारिका गौतमलाई पन्छ्याउदै पहिलो भइन् । २५ केजीमा कोटेश्वरकी हृदयानी बस्नेतले एम्बासडरकी याङगी शेर्पाको चुनौती समाप्त पार्दै स्वर्ण चुमिन् । ३२ केजीमा एनटीएका भिजन तामाङले पुष्पलालका सुवास भुजेलमाथि जित रच्दै शीर्ष स्थान हात पारे ।

प्रतियोगिताको संघीय सांसद् सन्तोष चालिसेले निर्णायकलाई एक कार्यक्रमबीच खेल सामाग्री हस्तान्तरण गर्दै उद्घाटन गरे । प्रतियोगितामा गेरोगीमा २१ तथा पुम्से (एकल) मा २ गरी जम्मा २३ स्पर्धामा ३ सय १२ खेलाडीको सहभागिता रहेको आयोजक डोजाङका प्रमुख एवं प्रतियोगिता संयोजक सुवासचन्द्र गौतमले जनाएका छन् । प्रतियोगिता शनिबार सम्पन्न हुनेछ ।

# पोखरा स्पोर्ट्स अवार्ड आज हुँदै
## पत्रकार अवार्ड सागरराज तिमिल्सिनालाई प्रदान गरिने

**पोखरा/मस–** सातौं संस्करणको पोखरा स्पोर्ट्स अवार्ड अन्तर्गतको वर्ष उत्कृष्ट खेल पत्रकारको अवार्ड सागरराज तिमिल्सिनालाई प्रदान गरिने भएको छ । अवार्ड अन्तर्गत गठन भएको पत्रकार छनोट समितिको सिफारिसलाई मञ्चको कार्यसमितिको २५औं बैठकले अनुमोदन गरेको आयोजक नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका महासचिव राजाराम पौडेलले जनाए ।

समाधान राष्ट्रिय दैनिकबाट पत्रकारिता सुरु गरेका उनी हाल एपीवान टेलिभिजन गण्डकी प्रदेश व्युरो प्रमुख हुन् । क्लिक गण्डकी डट कम र उज्यालो अनलाइनमा समेत कार्यरत तिमिल्सिनाले पोखरा एफ एम, एभिन्युज टेलिभिजन, सेतोपाटी डट कम, गन्थन डट कम लगायतका सञ्चारमाध्यममा काम गरिसकेका छन् । यस अगाडि सन्तोष पोखरेल, विनोद लामिछाने, सन्देश श्रेष्ठ, केशव पाठक र दीपक परियारले यो विधाको अवार्ड हात पारेका थिए ।

शनिबार दिउँसो दुई बजेपछि पोखरा सभागृह हलमा आयोजना हुने कार्यक्रम कार्यक्रममा वर्ष उत्कृष्ट खेल पत्रकार अवार्ड सहित वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, लाइफ टाइम अचिभमेन्ट अवार्ड, उदियमान खेलाडी, उत्कृष्ट प्रशिक्षक, उत्कृष्ट खेलकुद संस्था वा क्लब विधामा अवार्ड प्रदान गरिनेछ । यि मध्येमा वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उदीयमान खेलाडी गरेर चारवटा विधाको उत्कृष्ट तीन मनोनयन सार्वजनिक भइसकेको छ ।

जसअनुसार वर्ष खेलाडी पुरुष तर्फ क्रिकेटका करण केसी, आर्चरीका गंगाबहादुर कुँवर र टेनिसका प्रदिप खड्का मनोनयनमा परेका छन् । वर्ष खेलाडी महिलातर्फ आर्चरीकी रोजीना थापा मगर, फुटवलकी सावित्रा भण्डारी र आइटिएफ तेक्वान्दोकी सुस्मिता थापा मगर रहेका छन् । वर्ष खेलाडी पुरुष र वर्ष खेलाडी महिला हुन सफल खेलाडीले टेल्जि नेपालको टाइगर इलेक्ट्रिक स्कुटर र ट्रफी हात पार्नेछन् ।

उदीयमान खेलाडीतर्फ भलिवलका रवि केसी, फुटवलका सुमित श्रेष्ठ र क्रिकेटका सुवास भण्डारी रहेका छन् । वर्ष उत्कृष्ट प्रशिक्षक तर्फ आर्चरीका किशोर कुमार गुरुङ, लनटेनिसका निरज थापा र आइटिएफ तेक्वान्दोका सुरज सुनार छन् । वर्ष उत्कृष्ट उदीयमान खेलाडी र वर्ष उत्कृष्ट प्रशिक्षक तर्फका विजेताले नगद ३५ हजार रुपैयाँको साथमा ट्रफी पाउने छन् । उत्कृष्ट ३ को मनोनयन सूचीमा परेकाहरुलाई मनोनयन ट्रफी प्रमाणपत्र प्रदान गरिनेछ ।

यस्तै यो वर्षको लाइफटाइम अचिभमेन्ट अवार्ड बक्सिङ प्रशिक्षक विद्या प्रसाद मर्सानीलाई प्रदान गर्ने घोषणा भइसकेको छ । मर्सानीलाई चाँदीको करुवा, ट्रफी, ताम्रपत्र र दोसल्ला सम्मान गरिनेछ । वर्ष उत्कृष्ट खेल संस्था वा क्लबतर्फको अवार्ड कास्की जिल्ला ह्यान्डबलसंघलाई प्रदान गरिनेछ । वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब र वर्ष उत्कृष्ट पत्रकार तर्फका अवार्ड विजेताले नगद ३५ हजार रुपैयाँको साथमा ट्रफी पाउने छन् ।

यसैगरी नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताकै क्रममा दुर्घटनामा परी गत असोज ३० गते निधन भएका प्याराग्लाइडिङ खेलाडी निसिम थापाको योगदानको कदर गर्दै कीर्तिशेष सम्मान गर्ने मञ्च गण्डकीका महासचिव पौडेलले बताए । अवार्ड कार्यक्रमको थप आर्कषणको रुपमा कमेडी च्याम्पियनबाट चर्चामा आएका स्याङजाका मेक्सम गौडेलको स्ट्यान्ड अप कमेडी प्रस्तुती रहनेछ । यसैगरी भेटियो सान्नानी सोल्टिबजारमा गीतबाट थप चर्चामा आएका लोक दोहोरी गायक निश्चल दवाडीको गायन प्रस्तुती, हिमाली सांस्कृतिक परिवार तथा सारेगम कला केन्द्रको नृत्य प्रस्तुती, डेमोस्ट्रेसन लगायत अवार्ड कार्यक्रमका थप आर्कषण हुन् ।

लाइफटाइम अचिभमेन्ट अवार्डको पुरस्कार सुपर मादी हाइड्रोपावर, उदीयमान खेलाडीको पुरस्कार सहारा क्लब पोखरा, उत्कृष्ट प्रशिक्षकको पुरस्कार ह्यूस्टन एजुकेसन, उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब तर्फको पुरस्कार टाईगर गुप्र अफ पोखरा नेपाल तथा उत्कृष्ट खेल पत्रकारको पुरस्कार रामबजार निवासी स्व.सेनानी हेमबहादुर पुनको परिवारले प्रायोजन गर्ने सम्झौता भएको छ ।

अवार्ड कार्यक्रमका लागि गण्डकी प्रदेश सरकारको विषेश सहयोग रहेको छ । अवार्ड कार्यक्रमलाई सफल बनाउन मञ्चलाई अन्य विभिन्न क्षेत्रबाट सहयोग प्राप्त भएको मञ्चले जनाएको छ । यसरी सहयोग गर्नेमा पोखरा महानगरपालिका, राष्ट्रिय खेलकुद परिषद, प्रदेश खेलकुद परिषद गण्डकी, सिटिजन फर्निचर ट्रेड लिंक, आभ्या क्लब, परिचय एड्भर्टाइजिङ, नेपाल पर्यटन बोर्ड, टेल्जि नेपाल, तमु धिं युके, मझेरी रिसोर्ट एण्ड स्पा, सहारा युके, सहारा युकेका संस्थापक सल्लाहकारद्वय महेश गुरुङ र लोक बहादुर गुरुङ, भलिबलका पूर्व राष्ट्रिय खेलाडी तथा प्रशिक्षक मञ्जु गुरुङ, पूर्व राष्ट्रिय खेलाडी तथा समाजसेवी रुपक गुरुङ, रामबजार सोसाइटि युकेका अध्यक्ष राम गुरुङ, समाजसेवी चिनकाजी गुरुङ, पोखरेली मञ्च युकेका सल्लाहकार नरजङ्ग गुरुङ, मञ्चका पूर्व अक्ष्यक्ष प्रेमनारायण न्यौपाने, सञ्चारकर्मी गोविन्द थापा सिञ्जाली रहेका छन् ।

# आशा र स्वस्तिका सेमिफाइनलमा



**काठमाडौं/मस–** क्योकुसिन वज्रका आशा गिरी र स्वस्तिाका थारु २१ औं राष्ट्रिय पुरुष खुला तथा १४ औं राष्ट्रिय महिला तौलसमूह फुल कन्ट्याक्ट कराते प्रतियोगिताअन्तर्गत महिला ५० केजीमुनि शुक्रबार सेमिफाइनलमा प्रवेश गरेका छन् । उनीहरुसँगै केडब्लुडब्लुकी सिवानी आले मगर तथा बुदोकैदोकी उषा रावलले पनि सेमिफाइनलमा स्थान सुरक्षित गरे ।

नेपाल क्योकुसिन कराते डो संघ (वज्र) को आयोजनामा भइरहेको प्रतियोगिताको पुरुष खुलामा नेपाल आर्मीका विनय सिंह, एपीएफका भुपेन्द्र विक, केडब्लुडब्लुका होमबहादुर राई, क्योकुसिन वज्रका अनुप श्रेष्ठ, एफआईकेकेका विजय स्याङतान, क्योकुसिन वज्रका रविन्द्र बुढाथोकी, आईकेओका विक्रम मोक्तान र क्योकुसिन वज्रका सन्तोष विश्वकर्मा क्वाटरफाइनलमा पुगे ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्मा भएको प्रतियोगिताको महिला खुलामा आर्मीकी मन्जु विक, एपीएफकी सुमित्रा नगरकोटी, क्योकुसिन वज्रकी गायत्री रोक्का, केडब्लुडब्लुकी अनिशा तामाङ, आर्मीकी अनुपा नेपाली, क्योकुसिन वज्रकी बसन्ती तामाङ, केडब्लुडब्लुकी रसिला श्रेष्ठ र आर्मीकी सपना आले मगर क्वाटरफाइनलमा पुगे ।

प्रतियोगिताको संघीय सांसद् पशुपतिशमशेर जबराले एक कार्यक्रमबीच उद्घाटन गरे । उक्त अवसरमा आयोजक संघका अध्यक्ष जगतप्रसाद गौचन, राप्रपाका केन्द्रीय सदस्य राजाराम श्रेष्ठ, आयोजक संघका वरिष्ठ उपाध्यक्ष पुष्प मानन्धरलगायतको उपस्थिति रहेको थियो । ४ स्पर्धा समावेश प्रतियोगिताको पुरुषमा ६५ तथा महिलामा ५५ खेलाडी सहभागी छन् । प्रतियोगिता शनिबार सम्पन्न हुनेछ ।


## कर्मचारी आवश्यकता

काठमाण्डौ किकर्स फूटबल प्रा.ली. को लागी एक अनुभवी प्रावीधिक निर्देशक (Technical Director) चाहियो एक हप्ता भित्र सम्पर्क गर्नु होला ।

सम्पर्क नं.: ९८५१०४४११०
ईमेल : info@kathnamukickers.com.np

## अधिकृत वारेशनामा वदर गरेको सूचना

**प्रकाशित मिति २०८०/०१/२३**

म जिल्ला पर्सा गाविस विन्दवासीनी वडा नं. ७ परिवर्तित ऐ. विरगंज महानगरपालिका वडा नं. १७ मा बस्ने खेदन मियाको नाति रेयाजुदिन अन्सारीको छोरा हैदर अलि अन्सारी अ.वा.दिने र तपाई जि.वारा गाविस छतवा वडा नं. ७ परिवर्तित ऐ. बिश्रामपुर गाउँपालिका वडा नं. १ मा बस्ने अब्दुल करिम मियाँको नाति इसहाक मियाँ अंसारीको छोरा ५० को अब्दुल्लाह मिँया (ना.प्र.नं. १३८६/०३९३/मिति २०४४/१२/१९ जि. प्रशासन कार्यालय वारा) अ.वा.लिने भै जुनसुकै अड्डा, अदालत, न्यायाधिकरण, कार्यालयमा फिराद, निवेदन, उजुरी, दिन र म उपस्थित हुन पर्ने कुनै पनि अड्डाहरुमा प्रतिउतर, लिखित जवाफ, पुनरावेदन, मिलापत्र, संझौता, मुद्दा फिर्ता अन्य कानुनी काम कारवाही गर्नका निमित पर्सा जिल्ला अदालतबाट मिति २०७६/५/११ गतेमा तपाईलाई मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १५३ को उपदफा (२) बमोजिम अधिकृत वारेशनामा प्रमाणित गरि नियुक्त गरी राखेकोमा उक्त काम अब उप्रान्त म स्वयंले गर्ने भएबाट उक्त मितिमा पर्सा जिल्ला अदालतबाट तपाईको नाउँमा प्रमाणित गरि दिएको अधिकृत वारेश नरहने गरि आजैका मितिबाट मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १५५ को उपदफा (१)(ग) बमोजिम बदर गरि दिएको छु । अब उप्रान्त उक्त अ.वा.बाट कुनै काम नगर्न, नगराउन हुन जानकारीको निमित्त यो सूचना प्रकाशित गरेको छु ।

**हैदर अलि अन्सारी**
**जिल्ला पर्सा गाविस विन्दवासीनी वडा नं. ७**
**परिवर्तित ऐ. विरगंज महानगरपालिका वडा नं. १७**

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७९/०२/१३ मा दर्ता भएको **प्रा.लि. नं. २९१२५२** को **मतिना वेलनेस केयर प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७९/०५/२२ मा दर्ता भएको **प्रा.लि. नं. २९८४५६** को **मतिना हेल्थ केयर सेन्टर प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## अत्यन्त जरुरी सूचना

**नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त यस डि. एन. म्यानपावर प्रा. लि. (ई.नं. ११८४/०७३/०७४) को नाम लिई विभिन्न अनाधिकृत व्यक्तिहरुले रकम उठाएको भन्ने सुन्नमा आएकोले कोही कसैले पनि निजहरुलाई रकम नबुझाउनुहोला यस प्रा. लि. ले नेपाल सरकारको नियमानुसार निःशुल्क रुपमा मात्र बैदेशिक रोजगारीमा कामदारहरु पठाउने भएको हुनाले अनाधिकृत व्यक्तिहरुको प्रलोभनमा परी आर्थिक लगायत अन्य कारोबार नगर्नु/नगराउनुहोला । यस प्रा. लि. को बारेमा केही बुझ्नुपरेमा प्रा. लि. को कार्यलय बसुन्धारा, काठमाडौंमा सम्पर्क गर्नुहोला । अन्यथा यस प्रा.लि. जवाफदेही नहुने ब्यहोरा यसै सुचनाद्वारा जानकारी गराईन्छ ।**

**D.N. Manpower Pvt. Ltd.**
Tokha - 05, Basundhara, Kathmandu,
Tel:- 01 - 4964311, 4986411
Licence No. 1184/073/074

## मलेसियामा रोजगार
कम्पनी : YITHAI BREEDING FARM (M) SDN.BHD.
शहर: Malaka

पूर्व स्वीकृत मितिः २०७९/०३/१३ चलानी नं.: ६०१८१९३२ LT. No.:265965 पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 50 | 0 | स. काममा दक्ष | 1500 | ४३,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : AYAM WIRA FOOD PROCESSING SDN.BHD शहर: Malaka

पूर्व स्वीकृत मितिः २०७९/०३/१५ चलानी नं.: ६०१८२१७४ LT. No.:266202 पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 50 | 0 | स. काममा दक्ष | 1500 | ४३,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० वैशाख ३० गते (13 May 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**निम्बस ह्युमन रिसोर्स प्रा. लि.**
श्रम इजाजत नं.: ७५४/०६४/०६५
जि.पि.ओ. ब.नं. २६३१७, सामाखुसी–२६, काठमाण्डौ, नेपाल, फ्याक्स : ४३५७१९५
फोन: ४३८०४९९, ४३८०५०४, मो.९७४५३७१२६४ Email : info@nimbushr.com

## बहराइनमा रोजगार
कम्पनी: RESTAURANT REEF ALYEMEN
शहर: BAHARAIN

पूर्व स्वीकृत मितिः २०७९/०८/२७ चलानी नं.: ६०१९३२७५ LT. No.: 277735 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GENERAL WORKER | 11 | 0 | स. काममा दक्ष | 120 | ४१,५६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख ३० गते (13 May 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Triveni Hr Solution Pvt. Ltd.**
Govt. Lic. No. 1174/073/074
Samakhusi, Kathmandu, Tel.: 01-4987601, 01-4987608, 01-4989258
Mobile: 9847259822, 9818618887, 9861133194, 9851007872, 9818465637
Email: triveni.overseas341@gmail.com, info@trivenihr.com

## मलेसियामा रोजगारको
कम्पनी: YENHER AGRO-PRODUCTS SDN. BHD
शहर: MALAYSIA

पूर्व स्वीकृत मितिः २०७९/०६/११ चलानी नं.: ६०१८८४२९ LT. No.: 272617 पुनःविज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 5 | 0 | स. काममा दक्ष | 1500 | ४३,९९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० वैशाख ३० गते (13 May 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**सदिक्षा ओभरसिज प्रा. लि.**
श्रम इजाजत पत्र नं. ७६९/०६५/०६६
सामाखुसी टाउन प्लानिङ्ग (स्वीमिङ पुलसँगै), काठमाडौं, नेपाल, फ्याक्स : ४३८६५२५ । फोन: ०१४९८०१८१ / ४९८८२००
Mob:- 9801130592/9851332385/9851332385/9860926821
Email:info@sadiksha.com.np, Web: www.sadiksha.com.np

मध्यान्ह
www.madhyanhadaily.com
गो.हु.का.द.नं. ३३/०६९/०७०
२३ वैशाख २०८०, शनिबार
6 May 2023, Saturday

## बक्स अफिस समाचार

# गीतसंगीतमा हरिका पदचाप



सानु श्रेष्ठ/मध्यान्ह
काठमाडौं, २२ वैशाख

हामीले सुगम संगीतलाई आधुनिक गीतसंगीतको रुपमा बुझ्ने गर्छौं। नेपाली गीतसंगीतको प्रारम्भिक कालदेखि अहिलेसम्मको समयलाई हेर्दा यस क्षेत्रमा निकै उतार चढावहरु आएको देखिन्छ। हुनत हामीकहाँ लोक गीत, शास्त्रीय संगीतदेखि लिएर विभिन्न क्षेत्रमा गाइने स्थानीय गीतहरुको पनि त्यतिकै महत्व छ । तथापी सुगम संगीतको आफ्नै प्रकारको महत्व र अस्तित्व रही आएको छ ।

नेपाली आधुनिक गीतसंगीतमा मित्रसेनदेखि लिएर हेर्दा रानु देवी, मेलवा देवी, हरिप्रसाद जस्ता नामहरु लिइन्छ। प्रत्तद गायनदेखि आजको डिजिटल युगसम्ममा हजारौं गायक गायिकाले नेपाली गीतसंगीतमा आफ्नो जीवन व्यतित गरिसकेका छन् । छिमेकी देश भारतको गीतसंगीतले हाम्रो सुगम संगीतलाई प्रभाव पारेको देखिएता पनि हाम्रो सुगम गीतसंगीतको आफ्नै अस्तित्व र फरक पहिचान रही आएको छ ।

नेपाली गीतसंगीतको लामो समयको अन्तरालसँगसँगै निकै मिठा र सशक्त स्वरका धनी गायक-गायिकाहरु यस क्षेत्रले पायो । यीमध्ये एक हुन् हरि कर्माचार्य । नेपाली गीतसंगीत क्षेत्रमा लोकप्रिय नाम हो हिर कर्माचार्य । गायनमार्फत आफूलाई धेरै दर्शक तथा स्रोताको मन मस्तिष्कमा राज गर्न सफल कर्माचार्य गायनमा जति उचाइ हासिल गर्न सफल भएका छन् त्यतिकै गीत लेखन र संगीतमा पनि पोख्त छन् ।

काभ्रेपलाञ्चोकमा विसं २०३२ सालमा जन्मिएका कर्माचार्यले देशभरमा हुने थुप्रै मेला महोत्सवमा आफ्ना प्रस्तुतिमार्फत वाहीवाही बटुलेका छन् भने गीतसंगीतकै सिलसिलामा थाइल्याण्ड, हङकङ, कतार, भारतलगायत देशहरूमा पुगेर आफ्नो प्रस्तुति दिएका छन् । उनी केही समय पहिला अमेरिकाको भ्रमणमा पनि रहेका थिए । सानै उमेरदेखि गीतसंगीतमा रुची राख्ने कर्माचार्य २०४६ सालदेखि औपचारिकरूपमा संगीतको शिक्षा लिएर यो क्षेत्रमा होमिएका हुन् । उनको पहिलो सांगीतिक कोशेली 'हृदय भरी' बजारमा आएको थियो । कर्माचार्यले सार्वजनिक गरेको उक्त एल्बम काभ्रे जिल्लाकै पहिलो गीति एल्बम रहेको बताइन्छ ।

२०५४ सालमा 'ग्लुमी गाइज'सँग आवद्ध भई उनको रचना, संगीत र स्वरमा रहेको 'आकाशैमा चिल उड्यो फनन' बोलको गीत बजारमा आयो । यो गीत सार्वजनिक भएदेखि नै देश तथा विदेशमा उत्तिकै रुचाइयो। यस्तै उनको स्वरमा रहेको गीत 'हेर्न देऊ तिम्रो मुहार' त्यतिकै रुचाइयो । त्यस्तै 'टाटा गाडीमा', 'दार्जिलिङको रेल', 'हल्ला मच्चियो', 'ज्यानमारा जोवन', 'टाटा बाइबाइ', 'आउने भए आउ माया', 'ओठको मुस्कान' लगायत थुप्रै लोकप्रिय गीत उनका स्रोता, दर्शकमाझ लोकप्रिय छन् । यसैगरी उनले १५ वर्ष अगाडि गाएको गीत 'पिरतीको तालमा', 'मायाको डोरीले' जस्ता गीत अहिलेसम्म सर्वाधिक रुचाइनेमा पर्छन् ।

उनको 'आकसैमा चिल उडयो फनन' आएको २५ वर्ष भयो तर आज पनि यो गीत सर्वाधिक लोकप्रिय छ। त्यस्तै २१ वर्षअघि आएको 'हेर्न देऊ तिम्रो मुहार', १५ वर्षअघि आएको 'यसपालि त ज्यान जाला छोड्दिन' तथा १५ वर्षअघि नै आएको 'पिरतीको तालमा फूल फुल्यो कमला' आज पनि त्यतिकै लोकप्रिय छन् ।

राष्ट्रिय काभ्रेली कलाकार संघको अध्यक्ष, नेपाल सांस्कृतिक संघको केन्द्रीय सहमाहामन्त्री, काभ्रे उद्योग वाणिज्य संघको सहसचिव, बनेपा ब्वाइज कल्बको उपाध्यक्ष रहेर सामाजिक कार्यमा पनि आफूलाई त्यतिकै संलग्न गराउँदै आएका कर्माचार्य नेपाली गीतसंगीतको श्रीवृद्धि नै आफ्नो हरपलको चाहना रहेको बताउँछन् । आफ्नै शब्द, संगीत र स्वरमा 'यो हो हाम्रो नेपाल', 'एउटा प्रश्न' छिट्टै स्रोता, दर्शकमाझ ल्याउन लागेका कर्माचार्यको स्वरमा 'पिरतीको बाटो' पनि स्रोता, दर्शकमाझ आउँदै छ ।

गीतसंगीतका क्षेत्रमा आफूलाई पूर्णरूपमा समर्पित गरेका कर्माचार्यले गीतसंगीत क्षेत्रमा पुऱ्याएको योगदानस्वरूप थुप्रै सम्मान, पुरस्कार, अवार्ड चुम्न सफल भएका छन् । 'काम गर्दै जाँदा मेरा क्रियशनलाई मन पराइदिनु भई मलाई अझ हौसला प्रदान गर्ने उद्देश्यले यस्ता सम्मान, अवार्ड र पुरस्कार प्राप्त भएको मैले महसुस गरेको छु,' उनी भन्छन् । उनले इमेज अवार्ड, प्राइम स्रष्टा सम्मान, युनिभर्सल पिस फेडेरेसनको एम्बासडर २०१६, नाट्यश्वर विशेष सम्मान, सुन्दरादेवी सन्देश सामाजिक सम्मानलगागत थुप्रै सम्मान, अवार्ड र पुरस्कार प्राप्त गरेका छन् ।

सामाजिक कार्यमा आफूलाई त्यतिकै सक्रिय राख्दै आएका कर्माचार्य काभ्रे र छिमेकी जिल्लामा हुने सांगीतिक र सामाजिक कार्यहरूमा नछुट्ने नाम हो । उनले केही समय पहिला राष्ट्रिय नाचघर जमलमा दक्ष इन्टरनेशनलद्वारा आयोजित 'सातौं मिस ब्युटिफुल नेपाल २०२२'मा जुरीको भूमिका निर्वाह गरेका थिए भने नाचघरमै सम्पन्न भएको 'मिलिनियम किड्स इन्टरनेशनल २०२३'मा पनि जुरीको भूमिका निभाएका थिए । यस्तै 'काभ्रे फेस्टा सिजन-२'मा पनि उनले जुरीको भूमिका निभाएका थिए ।

चलचित्र विकास बोर्डमा सम्पन्न भएको 'नाट्येश्वर म्युजिक अवार्ड २०७९'मा 'पिरतीको तालमा' गीतबाट अवार्ड चुम्न सफल भएका उनी हालै राजधानीमा सम्पन्न भएको तेस्रो हिमालयन इन्टरनेशनल अवार्डमा पनि अवार्ड चुम्न सफल भएका थिए ।

# 'हुक्का: एन एब्जर्ड ड्रिम'को स्वाद लोकल चामल जस्तै : प्रमिला



अभिनेत्री प्रमिला खनाल पोखरामा जन्मिइन्, चितवनमा हुर्किइन् । उनी गाउँमा रहँदा एउटा सामान्य कोइला बालेर तमाखु भरी धुँवा तान्ने भाडालाई 'हुक्का' भन्थिइन् । वास्तविकता पनि त्यही थियो । आगामी जेठ १२ गते रिलिज हुने फिल्म 'हुक्का: एन एब्जर्ड ड्रिम' मा प्रमुख भूमिकामा अभिनय गरेकी प्रमिलाले यो फिल्मको अभिनय पछि 'हुक्का'को वास्तविक अर्थ बुझिन् ।

'हुक्कालाई मैले हेर्दा सामन्य कोइला बालेर तमाखु भरी धुवाँ तान्ने भाडाका रुपमा सम्झन्थे । हुक्कालाई समाजमा प्रतिष्ठाको विषय मानिँदो रहेछ भन्ने सुनेको थिएँ । तर यो फिल्ममा काम गरेपछि त्यो भ्रम मात्र रहेछ भन्ने थाहा पाएँ,' प्रमिला भन्छिन् ।

फिल्म 'दबाब'बाट अभिनय यात्रा शुरु गरेकी प्रमिलाले त्यसयता धेरै फिल्ममा सहायक चरित्र निभाइन् । तर 'हुक्का: एन एब्जर्ड ड्रिम'मा भने उनले प्रमुख चरित्र निर्वाह गरेकी छन् ।

प्रेमिलाले फिल्ममा साहसी र निडर महिलाको भूमिका निर्वाह गरेकी छन् । 'सम्बन्धबिच्छेदपछि माइतमै बसेकी एक छोरीकी आमा र गाउँकी मुखियाकी छोरीको चरित्रमा देखिएकी छु', आफ्नो भूमिकाबारे प्रमिला भन्छिन् ।

यो फिल्ममा उनी लकडाउन पछि जोडिएकी हुन् । लकडाउनमा धेरै समय घरमै बसेकी प्रमिलाले त्यही समयमा 'हुक्का: एन एब्जर्ड ड्रिम'को स्क्रिप्ट पढिन् । 'मेरो चरित्रसँगै फिल्मले देखाउन खोजेको विषयवस्तु पनि मन पऱ्यो । अर्को कुरा सबै सुटिङ पोखरामा नै हुने भएपछि म यो फिल्ममा जोडिएँ', उनी भन्छिन्, 'किनकी कोरोनाले सुनसान बनेको काठमाडौंबाट केही समय टाढा बसेर काम गर्ने मौका पाएकी थिएँ । त्यो मौकालाई गुमाउन चाहिनँ । त्यो समय सुटिङ गर्न जाँदैछु भन्दा पनि केही सिक्न र आफूलाई फ्रेस बनाउन जाँदैछु भन्ने थियो ।' प्रमिलाको बुझाइमा 'हुक्का: एन एब्जर्ड ड्रिम'ले समाजकै कथा बोल्छ । उनले ट्रेलरमा देखाइएका विषयवस्तु समाजसँग 'रिलेट' गर्ने भएकाले पनि फिल्म राम्रो बनेको दाबी गरिन् ।

प्रमिला यो समय मातृत्वकालको अनुभव लिइरहेकी छन् । गत वैशाखमा उनी छोराको आमा भइन् । फिल्ममा पनि उनले एउटी छोरीकी आमाको चरित्र निभाएकी छन् । 'फिल्मले एउटी आमाको छोरीप्रतिको दावित्व, कर्तव्य र सम्बन्ध निकै प्रगाढ देखाएको छ । अहिले म पनि वास्तविक जीवनमा आमा बनेकी छु । सन्तानसँग एउटी आमाको सम्बन्ध अविस्मरणीय हुँदो रहेछ', प्रमिला भन्छिन्, 'अहिले छोरालाई बढी समय दिइरहेकी छु । यही बेला फिल्मको रिलिज हुने भएकाले फिल्मको प्रोमसनमा हिँड्न नपाउँदा दु:ख लागेको छ ।'

'हुक्का: एन एब्जर्ड ड्रिम'लाई प्रमिला 'लोकल चामल' मान्छिन् । उनी आम नेपालीलाई 'लोकल चामल'को स्वाद थाहा भइरहेको बेला यो फिल्मले त्यो स्वाद दिनेमा ढुक्क छिन् । 'हुक्का: एन एब्जर्ड ड्रिम'मा त्यही देखाउन र चखाउन खोजिएको छ । हामीले कुनै भयंकर फरक र डर लाग्दो विषय पनि उठाएका छैनौं । तर जे भन्न र देखाउन खोजेका छौं । त्यो चाहिँ फरक तरिकाले देखाउने प्रयास गरेका छौं', प्रमिलाको बुझाइ छ ।

शम्भु थापाको निर्देशन रहेको फिल्ममा प्रमिलासँगै, सन्तोषकुमार आत्रेय, प्रकाश घिमिरे, तेज गिरी, अशु न्यौपाने, तलिशा गुरुङ, निश्चल विमल, एलिशा विकको अभिनय छ ।

रेश्मा प्रधान सह-निर्माता, पार्वती थापा, सुशीला गुरुङ र सागर गोदार क्षेत्री निर्माता रहेको फिल्ममा कमलबहादुर भुजेल र किरणकुमार आत्रेय कार्यकारी निर्माता छन् । फिल्मको वितरण उपत्यकामा स्टेसन फाइभ र उपत्यकाबाहिर एफडी कम्पनीले गर्नेछन् ।

# 'ह्यासट्याग माया'को शुभमुहूर्त

**काठमाडौं/मस–** फिल्म 'ह्यासट्याग माया'को शुभमुहूर्त गरिएको छ । शुक्रबार बुङ्मतीस्थित कार्यविनायक मन्दिरमा फिल्मको शुभमुहूर्त गरिएको हो । राजीव गुरुङको निर्देशन रहने फिल्ममा नम्रता श्रेष्ठ, सारूक ताम्राकार, रोय श्रेष्ठ, निकिता आचार्य, केनिपा सिंह, सुदाम सिके लगायतको अभिनय छ ।

फिल्मको छायांकन आउँदो साताबाट शुरु गरिने निर्माण टिमले जानकारी दिएको छ । निर्देशक गुरुङ फिल्मको छायाँकन काठमाडौंबाट शुरू भई पोखरा, बर्दिया हुँदै धरानमा सकिने जानकारी दिए । विदेशबाट फिल्मसम्बन्धी अध्ययन गरेर फर्किएका गुरुङले यो कथामा काम गरेको लामो समय भएको बताए । शर्मिला थापाको निर्माण रहने फिलमको कथा मायामै केन्द्रित रहनेछ । अभिनेत्री श्रेष्ठ यसमा शीर्ष भूमिकामा छिन् । उनले एरियल योगा इन्स्टक्टरको चरित्र निर्वाह गर्न प्रशिक्षणसमेत लिएकी थिइन् ।

फिल्ममा निर्देशक गुरुङ र आशुतोष श्रेष्ठको लेखन, उज्वल जोशीको छायाँकन निर्देशन, रेलिजा श्रेष्ठको कला निर्देशन, कृति जोशीको शृङ्गार रहनेछ । यसको कार्यकारी निर्मातामा अनुप पौडेल, कास्टिङ निर्देशकमा अर्जुन न्यौपाने, प्रोडक्सन म्यानेजरमा अरुण रेग्मी र दीलिप पन्त रहेका छन् ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

चट्याङबाट आफू बचौं र अरूलाई पनि बचाऔं
चट्याङ पर्ने सम्भावना भएको बेला
घरबाहिर हुनुहुन्छ भने,
- अग्लो र एक्लो रुखमुनि नबस्ने,
- पौडिने, माछा मार्ने तथा ऱ्याफ्टिङजस्ता क्रियाकला नगर्ने,
- खुल्ला मैदानमा नबस्ने,
- धातुबाट बनेका तारबार नजिक नबस्ने,
घरभित्र हुनुहुन्छ भने,
- विद्युतीय सामग्रीहरु जस्तै टिभी, कम्प्युटर, फ्रिज, वासिङ मेसिन, मोवाइल फोन नजिक नबस्ने र प्रयोग गर्ने,
- तारसहितको टेलिफोन (ल्याण्डलाईन) प्रयोग नगर्ने,
- घरबाट बाहिर ननिस्किने,
- धारामा नुहाउने, लुगा धुने र भाँडा माझ्ने काम नगर्ने
नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**